# मध्यमकालीन खर्च संरचना

(आ.व. २०७९/८० - २०८१/८२)

## Medium Term Expenditure Framework

(Fiscal Year 2022/23 - 2024/25)




तिलाठी कोईलाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तिलाठी, सप्तरी, मधेश प्रदेश, नेपाल

२०७९

# मध्यमकालीन खर्च संरचना (आ.व. २०७९/८० — २०८१/८२)

**प्रकाशक** : **तिलाठी कोईलाडी गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

**सर्वाधिकार** : प्रकाशकमा

**प्रकाशन मिति** : २०७९

**प्राविधिक सहयोग:**

Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project

**सम्पर्कका लागि** : गाउँ कार्यपालिकाको कार्यालय

तिलाठी, सप्तरी, मधेस प्रदेश, नेपाल

फोन नं.: ०२८—२२२२५

ईमेल: tilathikoiladigp@gmail.com

# तिलाठी कोईलाडी गाउँपालिका

तिनाठी कोईलाडी गाउँपानिका

## गाउँ कार्यपालिकाको कार्यालय

तिलाठी, सप्तरी

मधेश प्रदेश, नेपाल

Email ID: tilathikoiladigp@gmail.com


## मन्तव्य

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐनसमेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै तिलाठी कोईलाडी गाउँपालिकाले पनि यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले जनचाहना र विद्यमान सम्भावनामा आधारित रही विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई गाउँपालिका स्वयम्का लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ । यसर्थ, यस मध्यमकालीन खर्च संरचनाले यस गाउँपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरू हासिल गर्नेतर्फ गाउँपालिकाको वित्त व्यवस्थापनलाई डोऱ्याउने अपेक्षा गरेको छु ।

मध्यकालीन खर्च संरचनाले वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउने एउटा महत्वपूर्ण औजार भएको नाताले दिगो विकासका लक्ष्यहरूका साथै स्थानीय स्रोत तथा साधनको अधिक्तम प्रयोग सहित प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु, जसबाट निरन्तर रुपमा बढ्दै गएको विपद् तथा जलवायुजन्य जोखिम एवं कमजोर प्रकृतिको विकासबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचनाले गाउँपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा गाउँपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्नेछ भन्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागी महत्वपूर्ण भूमिका निर्वाह गर्ने सम्पूर्ण पदाधिकारी, कर्मचारी, दातृ संस्था तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अरुण कुमार मण्डल

अध्यक्ष

तिलाठी कोईलाडी गाउँपालिका

# तिलाठी कोईलाडी गाउँपालिका

तिलाठी कोइलाडी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**तिलाठी, सप्तरी**

**मधेश प्रदेश, नेपाल**

Email ID: tilathikoiladigp@gmail.com


## प्राक्कथन

दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । सम्बन्धित सबै कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुऱ्याउनुका अतिरिक्त गाउँपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु ।

विगत दशकहरूमा जलवायुजन्य विषमता एवम् विपद्का अन्य घटना, तिनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर यस स्थानीय तहमा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ । यी घटनाहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ।

दिगो विकासको आवश्यकता र महत्व प्रगाढ हुँदै गएको परिप्रेक्ष्यमा संयुक्त राष्ट्रसंघले विश्वको साझा हितका लागि दिगो विकास लक्ष्य जारी गरेको छ र यसको परिपालना गर्ने नेपाल सरकारले पूर्ण प्रतिबद्धता समेत गरेको छ । यसभन्दा बाहेक, दिगो विकास लक्ष्यहरू विश्वका साझा हितका विषय हुनुका साथै स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषयहरू रहेका हुनाले दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाले यस गाउँपालिकाका सम्पूर्ण विकास प्रयासलाई दिगो विकास उन्मुख गराउन महत्वपूर्ण टेवा पुऱ्याउन सक्ने अपेक्षा गरेको छु ।

दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट यस गाउँपालिका मार्फत् खर्च गरिने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र दिगो विकास लक्ष्य उन्मुख सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दिगो बनाउने विश्वास लिएको छु ।

अन्तमा, तिलाठी कोईलाडी गाउँपालिकाको यस दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि सहयोग गर्ने दातृसंस्था संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम लगायतका राष्ट्र सङ्घीय निकायहरू, प्राविधिक सहयोग प्रदान गर्ने एसडिआइसि एवम् सम्बन्धित विज्ञहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

.................................

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची

**परिच्छेद एक : परिचय ........................................................ १२**
१.१ पृष्ठभूमि.......................................................... १२
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ........................................ १२
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य........................................ १३
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू ........................................ १३
१.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य........................................ १४
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ........................................ १७
**परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना........................................ २१**
२.१ पृष्ठभूमि ........................................................ २१
२.२ चुनौती तथा अवसर........................................................ २१
२.३ सोँच, उद्देश्य तथा रणनीति........................................................ २२
२.४ मध्यमकालीन आर्थिक खाका ........................................................ २२
२.५ मध्यमकालीन नतिजा खाका........................................................ २३
२.६ मध्यमकालीन बजेट खाका ........................................................ २४
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट........................................ २५
२.८ विषय क्षेत्रगत बाँडफाँट........................................................ २७
**परिच्छेद तीन : आर्थिक क्षेत्र........................................................ २९**
**३.१ कृषि तथा खाद्य सुरक्षा ........................................................ २९**
३.१.१ पृष्ठभूमि ........................................................ २९
३.१.२ समस्या तथा चुनौती........................................................ २९
३.१.३ सोच........................................................ २९
३.१.४ उद्देश्य ........................................................ २९
३.१.५ रणनीति ........................................................ २९
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........................................ ३०
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........................................ ३०
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ३०
३.१.९ जोखिम पक्ष तथा अनुमान........................................................ ३०
**३.२ सिंचाई........................................................ ३०**
३.२.१ पृष्ठभूमि........................................................ ३०
३.२.२ समस्या तथा चुनौति........................................................ ३१
३.२.३ सोच........................................................ ३१
३.२.४ उद्देश्य ........................................................ ३१
३.२.५ रणनीति........................................................ ३१
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........................................ ३१
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........................................ ३१
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ३२
३.२.९ जोखिम पक्ष तथा अनुमान........................................................ ३२
**३.३ पशु विकास ........................................................ ३२**
३.३.१ पृष्ठभूमि ........................................................ ३२

३.३.२ समस्या तथा चुनौती....................................................................३२
३.३.३ सोच....................................................................३२
३.३.४ उद्देश्य ....................................................................३२
३.३.५ रणनीति ....................................................................३२
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....................................................................३३
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान....................................................................३३
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण....................................................................३३
३.३.९ जोखिम पक्ष तथा अनुमान ....................................................................३३
**३.४ उद्योग तथा व्यापार.................................................................... ३४**
३.४.१ पृष्ठभूमि .................................................................... ३४
३.४.२ समस्या तथा चुनौती.................................................................... ३४
३.४.३ सोँच .................................................................... ३४
३.४.४ उद्देश्य.................................................................... ३४
३.४.५ रणनीति.................................................................... ३४
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य .................................................................... ३४
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान .................................................................... ३५
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.................................................................... ३५
३.४.९ जोखिम पक्ष तथा अनुमान .................................................................... ३५
**३.५ पर्यटन तथा संस्कृती विकास .................................................................... ३५**
३.५.१ पृष्ठभूमि.................................................................... ३५
३.५.२ समस्या तथा चुनौती .................................................................... ३५
३.५.३ सोच .................................................................... ३५
३.५.४ उद्देश्य ....................................................................३६
३.५.५ रणनीति....................................................................३६
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....................................................................३६
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान....................................................................३६
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण....................................................................३६
३.५.९ जोखिम पक्ष तथा अनुमान....................................................................३६
**३.६ भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा ....................................................................३७**
३.६.१ पृष्ठभूमि....................................................................३७
३.६.२ समस्या तथा चुनौती....................................................................३७
३.६.३ सोच....................................................................३७
३.६.४ उद्देश्य ....................................................................३७
३.६.५ रणनीति ....................................................................३७
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................................३७
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान....................................................................३७
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....................................................................३८
३.६.९ जोखिम पक्ष तथा अनुमान....................................................................३८
**३.७ श्रम तथा रोजगारी.................................................................... ३८**
३.७.१ पृष्ठभूमि.................................................................... ३८
३.७.२ समस्या तथा चुनौति .................................................................... ३८

३.७.३ सोच ........ ३८
३.७.४ उद्देश्य ........ ३८
३.७.५ रणनीति ........ ३९
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३९
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३९
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३९
३.७.९ जोखिम पक्ष तथा अनुमान ........ ३९
**३.८ गरिबी निवारण ........ ३९**
३.८.१ पृष्ठभूमि ........ ३९
३.८.२ समस्या तथा चुनौति ........ ४०
३.८.३ सोच ........ ४०
३.८.४ उद्देश्य ........ ४०
३.८.५ रणनीति ........ ४०
३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४०
३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४०
३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४१
३.८.९ जोखिम पक्ष तथा अनुमान ........ ४१
**परिच्छेद चार : सामाजिक क्षेत्र ........ ४२**
**४.१ शिक्षा, विज्ञान तथा प्रविधि ........ ४२**
४.१.१ पृष्ठभूमि ........ ४२
४.१.२ समस्या तथा चुनौती ........ ४२
४.१.३ सोच ........ ४२
४.१.४ उद्देश्य ........ ४२
४.१.५ रणनीति ........ ४३
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४३
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४४
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४४
४.१.९ अनुमान तथा जोखिम ........ ४५
**४.२ स्वास्थ्य तथा पोषण ........ ४५**
४.२.१ पृष्ठभूमि ........ ४५
४.२.२ समस्या तथा चुनौती ........ ४५
४.२.३ सोँच ........ ४५
४.२.४ उद्देश्य ........ ४५
४.२.५ रणनीति ........ ४५
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४६
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४६
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४६
४.२.९ जोखिम पक्ष तथा अनुमान ........ ४६
**४.३ खानेपानी तथा सरसरफाई ........ ४७**
४.३.१ पृष्ठभूमि ........ ४७
४.३.३ सोच ........ ४७

४.३.४ उद्देश्य ........ ४७
४.३.५ रणनीति ........ ४७
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४८
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४८
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४८
४.३.९ जोखिम पक्ष तथा अनुमान ........ ४८
**४.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ४८**
४.४.१ पृष्ठभूमि ........ ४८
४.४.२ समस्या तथा चुनौती ........ ४९
४.४.३ सोच ........ ४९
४.४.४ उद्देश्य ........ ४९
४.४.५ रणनीति ........ ४९
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५०
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५०
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५०
४.४.९ जोखिम पक्ष तथा अनुमान ........ ५१
**४.५ युवा तथा खेलकुद ........ ५१**
४.५.१ पृष्ठभूमि ........ ५१
४.५.३ सोच ........ ५१
४.५.४ उद्देश्य ........ ५१
४.५.५ रणनीति ........ ५१
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५१
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५२
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५२
४.५.९ जोखिम पक्ष तथा अनुमान ........ ५२
**४.६ सामाजिक सुरक्षा र पञ्जीकरण ........ ५२**
४.६.१ पृष्ठभूमि ........ ५२
४.६.२ समस्या तथा चुनौती ........ ५३
४.६.३ सोच ........ ५३
४.६.४ उद्देश्य ........ ५३
४.६.५ रणनीति ........ ५३
४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५३
४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५३
४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५४
४.६.९ जोखिम पक्ष तथा अनुमान ........ ५४
**परिच्छेद पाँचः पूर्वाधार क्षेत्र ........ ५५**
**५.१ आवास, भवन तथा शहरी विकास ........ ५५**
५.१.१ पृष्ठभूमि ........ ५५
५.१.२ समस्या तथा चुनौती ........ ५५
५.१.३ सोच ........ ५५
५.१.४ उद्देश्य ........ ५५

५.१.५ रणनीति ........ ५५
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५५
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५६
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५६
५.१.९ जोखिम पक्ष तथा अनुमान ........ ५६
**५.२ सडक, पुल तथा यातायात ........ ५६**
५.२.१ पृष्ठभूमि ........ ५६
५.२.२ समस्या तथा चुनौती ........ ५६
५.२.४ उद्देश्य ........ ५७
५.२.५ रणनीति ........ ५७
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५७
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५७
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५७
५.२.९ जोखिम पक्ष तथा अनुमान ........ ५८
**५.३ जलस्रोत, विद्युत् तथा ऊर्जा ........ ५८**
५.३.१ पृष्ठभूमि ........ ५८
५.३.२ समस्या तथा चुनौती ........ ५८
५.३.३ सोच ........ ५८
५.३.४ उद्देश्य ........ ५८
५.३.५ रणनीति ........ ५८
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५८
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५९
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५९
६.३.९ जोखिम पक्ष तथा अनूमान ........ ५९
**५.४ सूचना तथा सञ्चार ........ ५९**
५.४.१ पृष्ठभूमि ........ ५९
५.४.२ समस्या तथा चूनौती ........ ५९
५४.३ सोच ........ ५९
५.४.४ उद्देश्य ........ ५९
५.४.५ रणनीति ........ ६०
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६०
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६०
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६०
५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ६०
**परिच्छेद छ : वातावरण तथा विपद् व्यवस्थापन ........ ६१**
**६.१ वन, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण ........ ६१**
६.१.१ पृष्ठभूमि ........ ६१
६.१.२ समस्या तथा चुनौती ........ ६१
६.१.३ सोच ........ ६१
६.१.४ उद्देश्य ........ ६१
६.१.५ रणनीति ........ ६१

६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ ६१
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ ६१
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ६२
६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........................................ ६२
**६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........................................ ६२**
६.२.१ पृष्ठभूमि ........................................ ६२
६.२.२ समस्या तथा चुनौति ........................................ ६२
६.२.३ सोच ........................................ ६२
६.२.४ उद्देश्य ........................................ ६२
६.२.५ रणनीति ........................................ ६२
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ ६२
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ ६३
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ६३
६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ........................................ ६३
**६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन ........................................ ६३**
६.३.१ पृष्ठभूमि ........................................ ६३
६.३.२ समस्या तथा चुनौती ........................................ ६४
६.३.३ सोच ........................................ ६४
६.३.४ उद्देश्य ........................................ ६४
६.३.५ रणनीति ........................................ ६४
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ ६४
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ ६४
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ६४
६.३.९ जोखिम पक्ष तथा अनुमान ........................................ ६५
**परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र ........................................ ६६**
**७.१ नीति, कानून, न्याय तथा सुशासन ........................................ ६६**
७.१.१ पृष्ठभूमि ........................................ ६६
७.१.२ समस्या तथा चुनौती ........................................ ६६
७.१.३ सोच ........................................ ६६
७.१.४ उद्देश्य ........................................ ६६
७.१.५ रणनीति ........................................ ६६
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ ६६
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ ६७
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ६७
७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........................................ ६७
**७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ........................................ ६७**
७.२.१ पृष्ठभूमि ........................................ ६७
७.२.२ समस्या तथा चुनौती ........................................ ६७
७.२.३ सोच ........................................ ६७
७.२.४ उद्देश्य ........................................ ६७
७.२.५ रणनीति ........................................ ६८

७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६८
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६८
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६८
७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ६८
**७.३ राजस्व तथा स्रोत परिचालन ........ ६८**
७.३.१ पृष्ठभूमि ........ ६८
७.३.२ समस्या तथा चुनौती ........ ६८
७.३.३ सोच ........ ६९
७.३.४ उद्देश्य ........ ६९
७.३.५ रणनीति ........ ६९
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६९
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६९
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६९
७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ६९
**७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........ ७०**
७.४.१ पृष्ठभूमि ........ ७०
७.४.२ समस्या तथा चुनौती ........ ७०
७.४.४ उद्देश्य ........ ७०
७.४.५ रणनीति ........ ७०
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ७०
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ७०
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७१
७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ७१
अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन ........ ७२
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ........ ७३
अनुसूची ३ : तीन आ.व.को खर्च स्रोतको अनुमान, कार्यक्रम आयोजना, बजेट, प्राथमिकीकरण, सांकेतीकरण . ७९

## तालिका सूची

तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य(प्रचलित मूल्यमा) ........ २३
तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य ........ २३
तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) ........ २४
तालिका २.४ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा).. २५
तालिका २.५ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) २६
तालिका २.६ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आव को बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) . २६
तालिका २.७ : जलवायु संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ... २६
तालिका २.८ : गाउँपीलिकाका गौरवका आयोजना........ २७
तालिका २.९ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)....... २७

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ लागू भएसँगै सङ्घीय व्यवस्था अनुसार देशमा तीन तहका सरकार सञ्चालनमा रहेका छन् । यस अन्तर्गत जनताको नजिकको सरकारको रुपमा स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रमा बसोवास गर्ने नागरिकलाई विकास र सेवा प्रदान गर्दै आइरहेको छ। विकास र सेवाप्रवाहलाई परिणाममुखी बनाउन स्थानीय तहहरूले विभिन्न योजनाहरूरू बनाई कार्यान्वयन गर्दै आएका छन्, जसमध्ये आवधिक योजना एक महत्वपूर्ण दस्तावेज हो । आवधिक योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ। यसले स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले सङ्घ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यस सन्दर्भमा यस तिलाठी कोईलाडी गाउँकार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा कार्यालयसँग राय परामर्श गरी आवधिक योजना, यस गाउँपालिकामा उपलब्ध अन्य सूचना तथा चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमलाई आधारमानी यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि स्रोत बाँडफाँट गर्ने गर्दछ। यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरूसमावेश गरिएको छ ।

यस तिलाठी कोईलाडी गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्नका लागि स्थानीयतहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) ले दिएको ढाँचा अनुसार चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिएको छ । स्थानीय तहलाई सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework - MTB) तयार गरिनेछ । यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन

वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिनेछ ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिनेछ ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचना यस तिलाठी कोईलाडी गाउँपालिकाको पहिलो प्रयास हो । यस मध्यमकालीन खर्च संरचनाबाट यस गाउँपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरूको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्वारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ । यस खर्च संरचनाले तिलाठी कोईलाडी गाउँपालिकाको नारा **'आर्थिक सामाजिक कृषि र पूर्वाधारः सुशासन र व्यवहार परिवर्तन विकासको मूल आधार'** र आवधिक योजना, राष्ट्रिय तथा प्रदेश लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ । यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थ परक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोहीबमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिनेछ । यसबाट गाउँपालिकालाई आगामी आर्थिक वर्षहरूको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ ।

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीनखर्च संरचनाको तयारीबाट देहाय अनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

(क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्नु ।

(ख) नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउनु,

(ग) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकताप्राप्त आयोजना तथा कार्यक्रमका लागि स्रोतको सुनिश्चितता गर्नु,

(घ) गाउँपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु, र

(ङ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरू एवम् स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ। सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधारका रुपमा लिइएको छ :

- नेपालको संविधान

- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- मधेश प्रदेशको पहिलो आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७९/८०)
- गाउँपालिकाको आवधिक योजना (२०७५/७६-२०७९/८०)
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरू
- गाउँपालिकाको स्थितिपत्र (प्रोफाईल)

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) मा दिगो विकास लक्ष्यलाई मुलप्रवाहीकरण गर्दै हरेक सूचकमा यसको सुनिश्चिता खोजिएको छ ।

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो। सहस्राव्दी विकास लक्ष्य (MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य (SDGs) मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच *समृद्ध नेपाल, सुखी नेपाली*सँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन्; यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ। उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य-१ हो; यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति/समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ । नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ । सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ । साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन। यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाबीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जसअनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पूँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ । यसर्थ, स्थानीय सरकारले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ । लगानीबिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ । यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ ।

सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्यजिम्मेवारीभित्र र जनअपेक्षालाई सम्बोधन गर्ने किसिमका रहेका छन् । दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ ( मर्यादित काम तथा आर्थिक वृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय सङ्घ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन् ।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी

तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ ।

स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन्। यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ । स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ ।

उपर्युक्त पृष्ठभूमिमा यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ । यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता/एकरुपमा कायम गर्ने प्रयास छ । यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन् । दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन-कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ । यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उपक्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुऱ्याउनेखालका रहेका छन् । समस्या चुनौतीहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकताअनुसार विश्लेषण गरिएको छ । दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ । समग्रमा यस मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ ।

स्थानीय सरकारले पनि योजना तर्जुमा तथा आयोजना पहिचान र प्राथमिकीकरण गर्दा दिगो विकास लक्ष्यलाई ध्यानदिने अभ्यास क्रमिक रुपमा बढीरहेको छ । परवानीपुर गाउँपालिकाले आफनो नीति कार्यक्रममा बेरोजगारी प्रतिशतलाई दिगो विकास लक्ष्यको सूचकअनुसार वार्षिक रुपमा कम गर्दै जाने लक्ष्य लिएको देखिन्छ ।

नेपाल सरकार तथा प्रदेश सरकारको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनालाई दिगो विकासको लक्ष्य अनुसार सांकेतिकीकरण गर्ने गरिएको छ । केहि बर्षयता मध्यमकालीन खर्च संरचनामा समेत दिगो विकासको लक्ष्यलाई मुलप्रवाहीकरण गरी यसकासूचक निर्दिष्ट उपलब्धि हासिल गर्न सघाऊ पुऱ्याउने आयोजनालाई उच्च प्राथमिकता दिन थालिएको पाइन्छ । दिगो विकास लक्ष्यलाई सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका योजनामा समावेश गर्न दिग्दर्शनहरू तयार भएका छन् जसबाट दिगो विकास लक्ष्य स्थानीय स्तरमा समेत आन्तरीकरण हुदै जाने अपेक्षा गरिएको छ ।

नेपालको सन्दर्भमा दिगो विकास लक्ष्य प्राप्तिलाई प्रभावकारी बनाउन नीतिगत तथा संस्थागत संरचनाहरू तयार भएका छन् । कार्यक्रम र आयोजनाको निर्धारित लक्ष्य हासिल गर्न र कार्यान्वयनका दौरान देखिन सक्ने कमजोरीलाई समय सापेक्ष सुधार गर्न अनुगमन र मूल्याङ्कनको निर्धारित ढाँचा तयार पारी लागु गर्नुपर्ने हुन्छ । दिगो विकासको लक्ष्य हासिल गर्न सरकारको एकल प्रयासले मात्र सम्भव नहुने भएकोले सरकारी, नीजि, सहकारी र विकास साझेदारबीच सहकार्य गर्न जरुरी हुन्छ ।

स्थानीय सरकारले पनि योजना तर्जुमा तथा आयोजना पहिचान र प्राथमिकीकरण गर्दा दिगो विकास लक्ष्यलाई ध्यानदिने अभ्यास क्रमिक रुपमा बढीरहेको छ । तिलाठी कोइलाडी गाउँपालिकाले आफनो नीति कार्यक्रममा गरीबीको प्रतिशतलाइ कम गदै गाउँपालिकाको आर्थिक विकास गर्न दिगो विकास लक्ष्यको सूचक अनुसार वार्षिक रुपमा काम गर्दै जाने लक्ष्य लिएको देखिन्छ ।

गाउँपालिकाको विगत तीन आर्थिक बर्षको अध्ययनका आधारमा आगामी तीन बर्षका लागि मध्यमकालीन खर्च संरचना तर्जुमा तथा वार्षिक बजेट अनुमान तथा प्रक्षेपण गरिएको छ । जुन दिगो विकास लक्ष्यको सूचकलाई आधार मानेर तयार गरिएको हो । उन्नत कृषि, उत्पादनशील उद्योग व्यवसाय, दिगो र वातावरणमैत्री निर्माण क्षेत्र, पर्यटन, व्यापार, सूचना तथा सञ्चार प्रविधि  र पशुपालन क्षेत्रमा रोजगारीका अवसरहरू देखिएका तथा प्राथमिकतामा राखिएका छन् । मध्यमकालीन खर्च संरचना तर्जुमा र सो अनुरुप वार्षिक बजेट तर्जुमा गर्दा यस अघिका लक्ष्य प्राप्तिको समीक्षाका साथै दिगो विकास लक्ष्यका बढी भन्दा बढी सूचकहरूलाई कार्यान्वयन गर्ने कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको (१) “स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित)”, (२) “स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९” र (३) “स्थानीयतहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगि स्रोत पुस्तिका, २०७९” लाई आधारमानी यो दिगो विकासमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन तर्जुमा गरिएको छ :

### चरण- १ : तयारी चरण

***प्रक्रिया १ : प्राविधिक सहयोगका लागि टोली परिचालन***

यस गाउँपालिकाले आगामी तीन आर्थिक वर्षका लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न UNDP/PLGSP मार्फत् परामर्शदाता नियुक्त गरी परिचालन गरियो । परामर्शदाताबाट मध्यमकालीन खर्च संरचना तयारी अभिमुखीकरण, त्रीवर्षीय स्रोत अनुमान तथा प्रक्षेपण, बजेट सीमा तथा मार्गदर्शन तर्जुमा, आयोजना तथा कार्यक्रम सम्बन्धी विवरण तयारी, त्रीवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण, साङ्केतीकरण र दस्तावेज लेखन कार्यमा प्राविधिक सहयोग प्राप्त भएको थियो ।

***प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवम् अन्य उपयोगी सन्दर्भ सामग्री संकलन र समीक्षा***

गाउँपालिकाको मार्गनिर्देशनमा परामर्शदाताबाट स्थानीय तहको योजना, स्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवम् अध्ययन गरियो । दस्तावेजहरूको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च

संरचना तयारीका सन्दर्भमा अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहाय बमोजिम रहेका छन्:

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
(ख) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
(ग) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७,
(घ) स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित),
(ङ) अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि,
(च) नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास,
(छ) नेपाल सरकार, प्रदेश सरकार एवम् सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरू,
(ज) नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड,
(झ) स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७,
(ञ) नेपाल सरकारको दीर्घकालीन सोच, पन्धौं राष्ट्रिय योजना, प्रदेश र स्थानीय आवधिक योजना,
(ट) नेपाल सरकारद्वारा जारी कोभिड १९ प्रतिकार्य एवम् पुनर्लाभ सम्बन्धी निर्देशिका,
(ठ) सङ्घ तथा मधेश प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन,
(ड) तिलाठी कोईलाडी गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रगति प्रतिवेदन ।

***प्रक्रिया ३ : मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा***

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरी बैठकमा आएका सुझाव तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा गरियो ।

**चरण- २: लेखाजोखा चरण**

***प्रक्रिया ४ : अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना***

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा गाउँपालिकाको शाखा प्रमुख तथा अन्य सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गरियो । कार्यशालामा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि, कर्मचारी एवम् सरोकारवालाको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, कानूनी व्यवस्था, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाइमा एकरुपता कायम गरियो । यसका साथै मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन सम्बन्धी विवरणहरू प्रस्तुत गरी सम्बन्धित शाखाहरूबाट तयार गर्नुपर्ने सूचना तथा तथ्याङ्क सङ्कलनका फारम उपलब्ध गराइयो । सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्ययोजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो ।

***प्रक्रिया ५ : विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना***

चालु आवधिक योजना, विषयगत रणनीतिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/एकाइसँग परामर्श तथा छलफल गरियो । परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, संभाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो । सो छलफलबाट विषय उपक्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा स्रोत आवश्यकता निर्धारण गरियो ।

### *प्रक्रिया ६ : स्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण*

राजस्व बाँडफाँट, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न स्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरूको स्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको स्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक आयलाई राजस्व सुधार कार्ययोजनाका आधारमा अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरूको खर्च सहित गाउँपालिका गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीतिक/गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने स्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । आवधिक योजनाको विषय क्षेत्रगत स्रोत आवश्यकता, विगत आर्थिक वर्षको खर्च अवस्थाको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट सीमा निर्धारण तथा बजेट तर्जुमा मार्गदर्शन तयार गरियो । यसरी निर्धारित बजेट सीमा तथा तयार बजेट तर्जुमा मार्गदर्शनलाई सबै विषयगत शाखामा मध्यमकालीन खर्च संरचनाको उपक्षेत्रगत खाका तयारीका लागि उपलब्ध गराइयो ।

### **चरण - ३: तयारी चरण**

### *प्रक्रिया ७ : क्षेत्रगत योजना तर्जुमा*

विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा वैठक गरी विषयगत शाखा/एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारी सहभागितामा प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकता, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना र उप-क्षेत्रको साङ्केतीकरण गरियो ।

### *प्रक्रिया ८ : विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी*

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि कार्यदल तथा परामर्शदाताबाट विषयगत शाखा/एकाइलाई परामर्शदाताबाट सहयोग तथा सहजीकरण गरियो । उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो । विषयगत शाखा/एकाइ उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचना तयार गरियो ।

### *प्रक्रिया ९ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गर्दा विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, आवधिक योजना, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा आवधिक योजना, क्षेत्रगत रणनीतिक र गाउँपालिकाले तयार गरेका अन्य नीतिगत दस्तावेजलाई आधार लिइएको

थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै हरेक विषयगत उपक्षेत्रको विद्यमान स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/ आयोजनाको सारांश समावेश गरिएको छ ।

**चरण -३ : स्वीकृति**

***प्रक्रिया १० : मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल***

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मस्यौदा मध्यमकालीन खर्च संरचनाको प्रस्तुति, छलफल तथा आवश्यक सुझाव संकलनका उद्देश्यले आन्तरिक छलफल गरी सुझाव संकलन गरियो ।

***प्रक्रिया ११ : मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी***

मध्यमकालीन खर्च संरचनाको मस्यौदा आन्तरिक छलफल तथा विषयगत समिति तथा शाखाहरूबाट प्राप्त सुझावहरू समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरियो । यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरू विभिन्न शाखाहरूबाट सङ्कलन गरी परिमार्जित मस्यौदामा समावेश गरिएको छ ।

***प्रक्रिया १२ : मध्यमकालीन खर्च संरचनाको स्वीकृति***

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल गरी स्वीकृत पश्चात् अनुमोदनको निमित्त वार्षिक बजेट तथा कार्यक्रमको साथमा गाउँसभामा पेश गरी स्वीकृत गरियो ।

# परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सार्वजनिक वित्तव्यवस्थापनले सामाजिक तथा आर्थिक विकास र समृद्धि प्राप्तिमा महत्वपूर्ण भूमिका खेल्दछ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरूमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ । नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको सुरुवात गरिएको छ ।

सङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्तव्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले सङ्घ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ। उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार यस गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच सहितको प्रथम आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवम् नेपाल सरकारले घोषणा गरेको **"समृद्ध नेपाल : सुखी नेपाली"** को दीर्घकालीन सोच अनुरुप तयार चालु पन्ध्रौं योजना र मधेश प्रदेश सरकारको प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१) का नीति तथा कार्यक्रमलाई आत्मसात गर्ने प्रयास गरिएको छ । योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, तीब्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । मध्यमकालीन खर्च संरचनाले यसतर्फ गाउँपालिकालाई मार्गदर्शन गर्नेछ।

आर्थिक वर्षका (२०७९/८०-२०८१/८२) का लागि तर्जुमा गरिने मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरूको सोँच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकार र गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिईने छ । गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरू, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेटिनेछ।

## २.२ चुनौती तथा अवसर

संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्ध्रौ योजना, मधेश प्रदेशको प्रथम आवधिक योजना र आवधिक योजनाको उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्नुलाई यस गाउँपालिकाले प्रमुख चुनौतीको रुपमा लिएको छ। यसका साथै विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महाव्याधी लगायतका महामारी वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपद्को बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक

असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशीलता हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु थप चुनौतीको रुपमा रहेको छ ।

यसका साथै व्यवस्थित, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा ऊर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि गाउँपालिकाको विकासको चुनौतीको रुपमा रहेका छन् । वित्तीय सङ्घीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजा मूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चुनौतीपूर्ण छ ।

सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरू क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरूबीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरू हुन् । गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानवपूँजी निर्माण, सार्वजनिक सेवाप्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमबाट हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरू सिर्जना हुनेछ ।

वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना हुने सम्भावना छ । यसका साथै कोभिड-१९ लगायतका महामारी र अन्यविपद्ले गर्दा अझ बलियो सुरक्षित निर्माण, उत्थानशीलता र वातावरणीय सन्तुलनका दिशामा यस खर्च संरचनाले ध्यान आकर्षण गराउने छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकाको दीर्घकालीन सोच र आवधिक योजनालाई प्रमुख आधारको रुपमा लिईएको छ । गाउँ विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएकोछ । आवधिक योजनामा उल्लेख नभएका विवरण गाउँपालिकाको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, पन्ध्रौ राष्ट्रिय योजना, मधेश प्रदेश सरकारको प्रथम आवधिक योजना एवम् सङ्घ, प्रदेश र गाउँपालिकाका विषयगत नीतिको समेत उपयोग गरिनेछ । साथै यस मध्यमकालीन खर्च संरचनामा समष्टिगत सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरूलाई समेटिने छ ।

## २.४ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय सोँच तथा मधेश प्रदेशको **"मानव विकास र पहिचान : समृद्ध मधेश समाज"** को सोँचको आधारमा तिलाठी कोईलाडी गाउँपालिकाको सोँच ***"दिगो आर्थिक, सामाजिक, संस्थागत तथा विकासको पूर्वाधारः वातावरणमैत्री, सुशासनयुक्त, समृद्ध गाउँपालिकाको आधार"*** तथा ***"स्थानीय स्रोत साधनको परिचालन एवम् संस्थागत क्षमता अभिवृद्धि गरी गुणस्तरीय शिक्षा, स्वास्थ्यमा पहुँच बढाउने र व्यावसायिक कृषि एवम् उद्यम सिर्जना गरी वातावरणमैत्री पूर्वाधार निर्माण गर्दै दिगो***

***विकास हासिल गर्ने"*** लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक यस खण्डमा निर्धारण गरिएको छ।

सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ।

***तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य*** **(प्रचलित मूल्यमा)**

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ को उपलब्धि | २०७८/७९ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| १. | कुल ववार्षिक उत्पादन | रु.लाखमा | ६४० | ६७० | ७०८ | ८३६ | ९२९ |
| १.१ | कृषि क्षेत्र | रु.लाखमा | ५५५ | ५८० | ६०८ | ७२३ | ८०४ |
| १.२ | गैर कृषि (उद्योग तथा सेवा) क्षेत्र | रु.लाखमा | ८५ | ९० | १०० | ११३ | १२५ |
| २ | उद्योग, व्यापार र व्यवसाय | संख्या | ३४ | ३६ | ४० | ४५ | ५० |
| ३ | अनौपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | १०० | २०० | ३०० | ४०० | ५०० |
| ४ | प्रतिव्यक्ति वार्षिक आय | रु. हजार | ६०.० | ६५ | ६९.० | ७९.४ | ९१.३ |
| ५ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (केजी) | के.जी. | ३५० | ३६० | ३६५ | ३८० | ३९० |
| ६ | आर्थिक वृद्धि | प्रतिशत | ४.० | ४.५ | ५.० | ५.५ | ६.० |
| ७ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ४२ | ४४ | ४५ | ४९ | ५६ |

## २.५ मध्यमकालीन नतिजा खाका

पन्ध्रौ योजना, मधेश प्रदेशको प्रथम आवधिक योजना तथा गाउँपालिकाको वर्तमान आवधिक विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। सो खाका विगत आर्थिक वर्षहरूको उपलब्धि र चालु आर्थिक वर्ष २०७८/७९ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०७९/८० को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरूको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ।

***तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य***

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमाति उपलब्धि | *मध्यमकालीन लक्ष्य* | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ११ | १० | ९ | ८ | ६ |
| २ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५२ | ५३ | ५५ | ६० | ६५ |
| ३ | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | १५० | १५० | १५० | १५० | १५० |
| ४ | प्राविधिक वा व्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | ५ | ६ | ७ | १० | १३ |
| ५ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ५ | ६ | ७ | ९ | ११ |
| ६ | स्थानीय सडक (कालोपत्रे) | कि.मि. | २० | २३ | २८ | ३३ | ३८ |
| ७ | स्थानीय सडक (खण्डास्मित) | कि.मि. | १२ | १५ | २० | २५ | ३० |
| ८ | स्थानीय सडक (धुले) | कि.मि. | ४ | ५ | ७ | ९ | ११ |
| ९ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसंख्या | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० |
| १० | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ९४ | ९५ | ९६ | ९७ | ९८ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमाति उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| ११ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ५ | ६ | ७ | ९ | ११ |
| १२ | स्वच्छ ऊर्जामा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ९४ | ९५ | ९६ | ९७ | ९८ |
| १३ | आधारभूत खानेपानी (ट्यूवेल) सुविधा पुगेको जनसंख्या | प्रतिशत | ९५ | ९७ | ९८ | १०० | १०० |
| १४ | ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० |
| १५ | मातृभाषामा पठनपाठन हुने विद्यालय | संख्या | १ | १ | १ | १ | १ |
| १६ | सामाजिक सुरक्षामा आवद्ध | जनसंख्या | २९०० | ३००० | ३१०० | ३१५० | ३२०० |
| १७ | पर्यटन आगमन | संख्या | ० | १०० | ५०० | १००० | २००० |
| १८ | स्थानीय सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | ४५ | ५० | ६० | ७० | ८० |

## २.६ मध्यमकालीन बजेट खाका

तिलाठी कोईलाडी गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ । गाउँपालिकाको प्रथम प्रयासमा तयार गर्न लागिएको यस मध्यमकालीन खर्च संरचनाले वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

हालै नेपाल सरकार अर्थ मन्त्रालय र प्रदेश सकारले अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत आर्थिक वर्ष २०७९/८० को लागि बजेट विनियोजन गरिएको छ । यसअन्तर्गत यस तिलाठी कोईलाडी गाउँपालिकाका लागि समानीकरण अनुदान अन्तर्गत न्यूनतम् अनुदान रु. १३,७३,३८,००० सशर्त अनुदान रु. १७,७२,००,००० समपुरक अनुदान रु. १,२०,००,०००, बिशेष अनुदान रु. ३०,००,००० र अन्य अनुदान रु. २,६६,४५,००० रहेको छ । यस गाउँपालिकाको आगामी आर्थिक वर्षको कुल बजेट चालु खर्च रु. १३,४४,५९,००० र पूँजीगत तर्फ रु. ३१,३७,६१,००० गरी जम्मा रु. ४४,८२,२०,००० रहेको छ ।

गाउँपालिका गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । यस सम्बन्धी विवरण तालिका २.३ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)***

| बजेटका स्रोतहरू | २०७६/७७ को यथार्थ | २०७७/७८ को यथार्थ | २०७८/७९ को अनुमान | अनुमान तथा प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| **राजस्व तथा अनुदान** | ३८७०३० | ४२४४७१ | ४७८१६८ | ४४८२२० | ४४९०३६ | ४७९४१४ | १३७६६७० |
| **आन्तरिक आय** | ९२२१ | ७४६१ | ६५०० | ६००० | ६६०० | ७२६० | १९८६० |
| **राजस्व बाँडफाँटबाट प्राप्त आय** | ४५६४९ | ६२४०४ | ७०५८८ | ८६०३७ | ८६८९७ | ८७७६६ | ९६९२० |
| *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | *४४५५२* | *६१९६०* | *६७९७०* | *८२३३७* | *८३१६०* | *८३९९२* | *९२३९१* |
| *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि)* | *१०९७* | *४४४* | *२६१८* | *३७००* | *३७३७* | *३७७४* | *४५२९* |

| बजेटका स्रोतहरू | २०७६/७७ को यथार्थ | २०७७/७८ को यथार्थ | २०७८/७९ को अनुमान | अनुमान तथा प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | **०** | **०** | **०** | **०** | **०** | **०** | ० |
| *वन रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० |
| *खानी तथा खनिज रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० |
| *पर्वतारोहण रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० |
| *विद्युत् रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० |
| *पानी तथा अन्य प्राकृतिक स्रोत* | ० | ० | ० | ० | ० | ० | ० |
| **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **३०५५६६** | **३०८३५२** | **३३९६००** | **३१५४००** | **३४००३०** | **३६७३०३** | **१०२२७३३** |
| *वित्तीय समानीकरण अनुदान* | ११२४०० | ११५२०० | १२१४०० | १२८२०० | १३४६१० | १४१३४१ | ४०४१५१ |
| *सशर्त अनुदान* | १९३१६६ | १९३१५२ | १८६९०० | १७७२०० | १९४९२० | २१४४१२ | ५८६५३२ |
| *समपुरक अनुदान* | ० | ० | ३१३०० | १०००० | १०५०० | ११५५० | ३२०५० |
| *विशेष अनुदान* | ० | ० | ० | ० | ० | ० | ० |
| **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **१७१६८** | **२०१५६** | **६१४८०** | **१४१३८** | **१५५०९** | **१७०८५** | **४६७३२** |
| *वित्तीय समानीकरण अनुदान* | ७१६८ | ७१५६ | ८२४० | ९१३८ | १०५०९ | १२०८५ | ३१७३२ |
| *सशर्त अनुदान* | ५००० | ८००० | ४८२४० | ० | ० | ० | ० |
| *समपुरक अनुदान* | ३००० | २००० | २००० | २००० | २००० | २००० | ६००० |
| *विशेष अनुदान* | २००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | ९००० |
| **अन्य अनुदान** | **९४२५** | **२६०९९** | **०** | **२६६४५** | **०** | **०** | **२६६४५** |
| **अन्तर स्थानीय तह साझेदारी रकम** | ० | ० | ० | ० | ० | ० | ० |
| **जनसहभागिता** | ० | ० | ० | ० | ० | ० | ० |
| **ऋण** | ० | ० | ० | ० | ० | ० | ० |
| **नगद मौज्दात** | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा खर्च** | ३८७०३० | ४२४४७१ | ४७८१६८ | ४४८२२० | ४४९०३६ | ४७९४१४ | १३७६६७० |
| चालु खर्च | २६७०५० | २९२८८५ | ३२९९३६ | १३४४५९ | १२४०४८ | १४५२१४ | ४०३७२१ |
| पूँजीगत खर्च | ११९९८० | १३१५८६ | १४८२३२ | ३१३७६१ | ३२४९८८ | ३३४२०० | ९७२९४९ |
| बचत बजेट | ० | ० | ० | ० | ० | ० | ० |
| वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० |
| आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ।

### क. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको व्यय अनुमान तथा खर्च प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ।

***तालिका २.४ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०७९/८०को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८१२को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | २२ | २७९९८१ | ६२ | २७७२२१ | ६२ | २८९१३० | ६० |
| प्राथमिकता दोश्रो (P2) | ३९ | १६८२३९ | ३८ | १७१८१५ | ३८ | १९०२८४ | ४० |
| **जम्मा** | ६१ | ४४८२२० | १०० | ४४९०३६ | १०० | ४७९४१४ | १०० |

### ख. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा खर्च प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ।

*तालिका २.५ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| क्र.स | दिगो विकासका लक्ष्यहरू | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | २ | १६२७ | ०.३६ | १६३३ | ०.३६ | १८०६ | ०.३८ |
| २ | शून्य भोकमरी | ७ | १९२७४ | ४.३ | १९३०९ | ४.३ | २०६१५ | ४.३ |
| ३ | स्वस्थ जीवन | ४ | ८९६४५ | २० | ८९८०९ | २० | ९५८८३ | २० |
| ४ | गुणस्तरीय शिक्षा | १० | ४७०६५ | १०.५ | ४७१५० | १०.५ | ५०३४० | १०.५ |
| ५ | लैङ्गिक समानता | ३ | ३३६१ | ०.७५ | ३३६७ | ०.७५ | ३५९६ | ०.७५ |
| ६ | स्वच्छ पानी र सरसफाइ | ५ | २९१४ | ०.६५ | २८०६ | ०.६२ | २९९६ | ०.६२ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | १ | २२४१ | ०.५ | २२४५ | ०.५ | २३९७ | ०.५ |
| ८ | समावेशी आर्थिक वृद्धि मर्यादित काम | ४ | ३४१५ | ०.७६ | ३४१८ | ०.७६ | ३५८७ | ०.७५ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | ७ | १०६४५३ | २३.७५ | १०६६४६ | २३.७५ | ११३८६१ | २३.७५ |
| १० | असमानता न्यूनीकरण | १ | ९६५ | ०.२२ | १००० | ०.२२ | १०५० | ०.२२ |
| ११ | दिगो शहर र वस्ती | ३ | ३१३७५ | ७ | ३१४३३ | ७ | ३३५५९ | ७ |
| १२ | दिगो उपभोग र उत्पादन | १ | ३३६ | ०.०७ | ३३७ | ०.०८ | ३६० | ०.०८ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ३ | ११२० | ०.२५ | ११२३ | ०.२५ | ११९८ | ०.२५ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | भूसतह स्रोतको उपयोग | ४ | २९५८२ | ६.६ | २९७४८ | ६.६२ | ३१७६१ | ६.६२ |
| १६ | शान्ति, न्याय र सबल संस्था | २ | १०३०९० | २३ | १०३२७८ | २३ | ११०२६५ | २३ |
| १७ | दिगो विकासको लागि साझेदारी | ४ | ५७५७ | १.२८ | ५७३४ | १.२८ | ६१४० | १.२८ |
| जम्मा | | ६१ | ४४८२२० | १०० | ४४९०३६ | १०० | ४७९४१४ | १०० |

## ग. लैंगिक संकेतको आधारमा बाँडफाँट

लैंगिक सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा खर्च प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.६ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | १४ | ५६८९६ | १३ | ७७४८७ | १७ | ८१८७० | १७ |
| सहयोगी | ३४ | २४७९१० | ५५ | २२९७३१ | ५१ | २७४८५७ | ५७ |
| तटस्थ | १३ | १४३४१४ | ३२ | १४१८१८ | ३२ | १२२६८७ | २६ |
| जम्मा | ६१ | ४४८२२० | १०० | ४४९०३६ | १०० | ४७९४१४ | १०० |

## घ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.७: जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७८/७९ को व्यय अनुमान | | २०७९/८० को खर्च प्रक्षेपण | | २०८०/८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | ८ | ७९८२६ | १८ | ७९५०६ | १८ | १०८६८५ | २३ |
| सान्दर्भिक | २७ | २०१४४४ | ४५ | २२२०८२ | ४९ | २१३२६१ | ४४ |
| तटस्थ | २६ | १६६९५० | ३७ | १४७४४८ | ३३ | १५७४६८ | ३३ |
| जम्मा | ६१ | ४४८२२० | १०० | ४४९०३६ | १०० | ४७९४१४ | १०० |

### ङ. गाउँपालिका गौरवका आयोजना

गाउँपालिकाले सामाजिक आर्थिक विकास र वातावरण सन्तुलनमा महत्वपूर्ण योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई गौरवका आयोजनाको रुपमा प्रस्ताव गरेको छ । गौरवका आयोजना तथा कार्यक्रमको आगामी आर्थिक वर्ष २०८९/८० को विनियोजन र त्यसपछिका दुई वर्षको प्रक्षेपण तालिका २.८ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.८ : गाउँपीलिकाका गौरवका आयोजना*

| क्र.सं. | गौरवका आयोजना | २०७९/८० को व्यय अनुमान | २०८०/८१ को खर्च प्रक्षेपण | २०८१/८२ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| १ | म्युजियम, अडिटोरियम तथा पुस्ताकालय भवन निर्माण, कोईलाडी वडा नं ४ (गौरबका आयोजना) | २९००० | २९००० | २२३६ |
| २ | वाटर फनपार्क, बेली, वडा नं १ (गौरवको योजना) | २८५५२ | २८६०४ | ३०६३९ |
| **जम्मा** | | **५७५५२** | **५७६०४** | **३२८७५** |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण **अनुसूची ३** समावेश गरिएको छ ।

*तालिका २.९ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)*

| क्र.सं | विषय क्षेत्र | २०७९/८० को व्यय अनुमान | | | २०८०/८१ को खर्च प्रक्षेपण | | | २०८१/८२ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पूँजीगत | कुल | चालु | पूँजीगत | कुल | चालु | पूँजीगत |
| १ | कृषि | ११२०६ | ५११० | ६०९६ | ११२२६ | २०२१ | ९२०५ | ११९८५ | ५४६५ | ६५२० |
| २ | सिंचाई | २२४१ | ६७२ | १५६९ | २२४५ | ६७४ | १५७२ | २३९७ | ७१९ | १६७८ |
| ३ | पशुपंक्षि विकास | ४४८२ | २३९३ | २०८९ | ४४९० | ३०९८ | १३९२ | ४७९४ | ३३०८ | १४८६ |
| ४ | उद्योग, व्यापार आपूर्ती | २२४१ | १५४६ | ६९५ | २२४५ | १५४९ | ६९६ | २३९७ | १६५४ | ७४३ |
| ५ | पर्यटन तथा संस्कृति | २२४१ | १५४६ | ६९५ | २२४५ | १५४९ | ६९६ | २३९७ | १६५४ | ७४३ |
| ६ | सहकारी र वित्तीय सेवा | २२४१ | १५४६ | ६९५ | २२४५ | १५४९ | ६९६ | २३९७ | १६५४ | ७४३ |
| ७ | श्रम तथा रोजगार | १५१० | १०४२ | ४६८ | १५१० | १०४२ | ४६८ | १५५० | १०७० | ४८१ |
| ८ | गरीबी निवारण | ७३१ | ५०४ | २२७ | ७३५ | ५०७ | २२८ | ८४७ | ५८४ | २६३ |
| ९ | शिक्षा, भाषा र साहित्य | ४४८२२ | २२१८४ | २२६३८ | ४४९०४ | १४०४१ | ३०८६२ | ४७९४१ | १४९९१ | ३२९५० |
| १० | जनस्वास्थ्य र पोषण | ८९६४४ | ५६३० | ८४०१४ | ८९८०७ | ५६४० | ८४१६७ | ९५८८३ | १२३११ | ८३५७२ |
| ११ | खानेपानी र सरसफाई | २२४१ | ६७२ | १५६९ | २२४५ | ६७४ | १५७२ | २३९७ | ७१९ | १६७८ |
| १२ | महिला, बालबालिका सामाजिक मावेशीकरण | ३३६२ | २३२० | १०४२ | ३३६८ | २३२४ | १०४४ | ३५९६ | २४८१ | १११५ |
| १३ | युवा तथा खेलकुद | २२४१ | १५४६ | ६९५ | २२४५ | १५४९ | ६९६ | २३९७ | १६५४ | ७४३ |
| १४ | सामाजिक सुरक्षा र पञ्जीकरण | २४६५ | १७०१ | ७६४ | २५५० | १७६० | ७९१ | २६५० | १८२९ | ८२२ |
| १५ | आवास र शहरी विकास | ३१३७५ | ६२७५ | २५१०० | ३१४३३ | ६२८७ | २५१४६ | ३३५५९ | ६७१२ | २६८४७ |
| १६ | सडक, पुल र यातायात | १०३०९१ | ५१५५ | ९७९३६ | १०३२७८ | ५१६४ | ९८११४ | ११०२६५ | ५५१३ | १०४७५२ |
| १७ | विद्युत् र स्वच्छ ऊर्जा | २२४१ | १५४६ | ६९५ | २२४५ | १५४९ | ६९६ | २३९७ | १६५४ | ७४३ |
| १८ | सूचना र संचार प्रविधि | ११२१ | ७७३ | ३४७ | ११२३ | ७७५ | ३४८ | ११९९ | ८२७ | ३७२ |
| १९ | वन, हरियाली नदी नियन्त्रण | २९१३४ | १५१५ | २७६१९ | २९१८७ | १५१८ | २७६७० | ३११६२ | १६१० | २९५५२ |
| २० | वातावरण सरसफाई | ११२१ | ५५४ | ५६७ | ११२३ | ७७५ | ३४८ | ११९९ | ८२७ | ३७२ |
| २१ | विपद् जोखिम व्यवस्थाप | ११२१ | ५२६ | ५९४ | ११२३ | ५२७ | ५९६ | ११९९ | ५६३ | ६३६ |

| क.सं | विषय क्षेत्र | २०७९/८० को व्यय अनुमान | | | २०८०/८१ को खर्च प्रक्षेपण | | | २०८१/८२ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पूँजीगत | कुल | चालु | पूँजीगत | कुल | चालु | पूँजीगत |
| २२ | नीति, कानून र न्याय | ४४८२ | ३०९३ | १३८९ | ४४९० | ३०९८ | १३९२ | ४७९४ | ३३०८ | १४८६ |
| २३ | संगठन र सेवा प्रवाह | ९८६०८ | ६८०४० | ३०५६९ | ९८७८८ | ६८१६४ | ३०६२४ | १०५४७१ | ७२७७५ | ३२६९६ |
| २४ | राजस्व, स्रोत परिचालन | २२४१ | १५४६ | ६९५ | २२४५ | १५४९ | ६९६ | २३९७ | १६५४ | ७४३ |
| २५ | तथ्याङ्क विकास व्यवस्था | २०१७ | १३९२ | ६२५ | १९४० | १३३९ | ६०१ | २१४४ | १४७९ | ६६५ |
| **कुल जम्मा** | | ४४८२२० | १३४४५९ | ३१३७६१ | ४४९०३६ | १२४०४८ | ३२४९८८ | ४७९४१४ | १४५२१४ | ३३४२०० |

आर्थिक वर्ष २०७८/७९ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट **परिच्छेद ३** देखि **परिच्छेद ७** सम्म प्रस्तुत गरिएको छ ।

# परिच्छेद तीन : आर्थिक क्षेत्र

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

तिलाठी कोईलाडी गाउँपीलिकामा उत्पादनशिल कृषियोग्य क्षेत्रको बाहुल्यता रहेको छ । गाउँपालिकामा ८०% जनता कृषिमा आश्रित छन् । अनुकुल कृषि भूमिका कारण कृषि उत्पादनको विविधता तथा व्यवसायिकता सम्भव छ। यस क्षेत्रको बासिन्दाहरूको मुख्य पेशा कृषि रहेको छ। हाल यस क्षेत्रमा १८५० हेक्टर जमिन खेती योग्य रहेको छ । धान र गँहु मुख्य खाद्यन्न बाली रहेका तथा यी बालीको वार्षिक उत्पादन क्रमशः धान ६४७४ मे.ट. र गहुँ ३७९३ मे.ट रहेको छ । अन्नबाली बाहेक पनि यस गाउँपालिकामा दाल १६५ हेक्टर, बेमौसमी तथा हिँउदे तरकारी ९५ हेक्टर र फलफुल २३८ हेक्टर जमिनमा खेती हुने गरेको छ । यहाँको उत्पादन जिल्लाका प्रमुख बजार तथा नेपाल भारत सिमानाका बजारहरूमा बिक्री वितरण हुने गरेको छ ।

### ३.१.२ समस्या तथा चुनौती

खेतीयोग्य जमिन र कृषि उत्पादनको प्रचुर सम्भावना हुँदा हुँदै पनि उत्पादन र उत्पादकत्वमा कमी हुन कृषि क्षेत्रको प्रमुख समस्या रहेको छ। यसका कारण समयमा उन्नत बिउबिजन र मल प्राप्त गर्न नसक्नु चुनौतीको रुपमा देखिएको छ । साथै कृषकमा व्यावसायिक कृषि ज्ञानको कमिले गर्दा बैज्ञानिक पद्दतीबाट खेती नहुँदा उत्पादनमा कमी भएको पाइएको छ। खेतीमा निर्भर भएका परिवारमा हाल युवा पुस्ताहरूको सहभागितामा पनि कमी आएको कारण कृषिको व्यावसायिकरण र उत्पादनमा समेत असर परेको देखिन आएको छ । गाउँपालिकामा दर्तावाला कृषि मल बितरक १० मात्र रहेको हुनाले पनि समयमा नै मलको नियमित आपूर्तीमा समस्या हुदै आएको छ । कृषिको अव्यवस्थित बजारको (हाटबजार व्यवस्थापन हुन नसक्दा समय समयमा हुने कृषि सामग्रीको अभाव र मूल्य वृद्धिको समस्या समाधान निकै चुनौतीपूर्ण भएको छ ।

### ३.१.३ सोच

"व्यावसायिक कृषि आर्थिक विकासको आधार"

### ३.१.४ उद्देश्य

१. वैज्ञानिक तथा व्यावसायिक कृषि पद्दती अपनाई कृषि उत्पादन वृद्धि गर्नु ।
२. कृषि सामग्रीको सहज उपलब्धता तथा उत्पादित वस्तुको बजारीकरण गर्नु । कृषकको बेमौसमी तथा व्यावसायिक तरकारी खेतीमा क्षमता अभिवृद्धि गरी व्यावसायिक खेतीलाई प्रवर्द्धन गर्दै कृषकको आर्थिक रुपमा सशक्तिकरण गर्नु ।

### ३.१.५ रणनीति

१. कृषि यान्त्रिकीकरण तथा कृषि पूर्वाधार विकासमा तीव्रता दिने,
२. स्थानीय कृषि उपजको संरक्षण तथा व्यावसायीकरण गर्ने,
३. स्थानीय स्तरमा लाग्ने कृषि हाटबजारलाई व्यवस्थित गर्ने,
४. कृषि मूल्य श्रृंखलाहरूको विकास र व्यावसायिक विस्तारमा जोड दिने ।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | ३३७ | ३४० | ३५० | ३६५ | ३८० |
| आफ्नो आयको दुई तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ८० | ८० | ७५ | ७० | ६५ |
| कृषि क्षेत्रमा संलग्न समूह र सहकारी | संख्या | १४७ | १५४ | १६० | १७० | १८० |
| कुल कृषि भूमिमध्ये खेति गरिएको भूमि | प्रतिशत | ८५ | ८५ | ८५ | ८५ | ८५ |
| स्थानीय उत्पादनले पूरा गर्ने तरकारी तथा कृषि उपजहरूको माग | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |
| खाद्यान्न बालीको औसत उत्पादकत्व (प्रति हेक्टर) | मे.टन | १.२ | १.२ | १.३ | १.४ | १.५ |
| कुल तरकारी उत्पादन | मे.टन | ६६० | ६६० | ६६५ | ६७० | ६७५ |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ११२०६ | ५११० | ६०९६ | ० | २१२९ | ८४०४ | ६७२ | ० |
| २०८०/८१ | ११२२६ | २०२१ | ९२०५ | ० | २१३३ | ८४१९ | ६७४ | ० |
| २०८१/८२ | ११९८५ | ५४६५ | ६५२० | ० | २२७७ | ८९८९ | ७१९ | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना | कृषि उत्पादनमा क्षेत्र बिस्तार गरी खाद्यन्नबाली, फलफूल तथा तरकारीमा आत्मनिर्भर बनाउनु | सालबसाली | २०६५० | व्यावसायिक कृषि उत्पादनमा संलग्न कृषकको सङ्ख्या३०० जना पुग्नेछ । |
| २ | कृषि विकास अन्य कार्यक्रम | कृषि उत्पादनमा क्षेत्र बिस्तार गरी खाद्यन्नबाली, फलफूल तथा तरकारीमा आत्मनिर्भर बनाउनु | सालबसाली | १३७६७ | कृषि उत्पादनमा १५ प्रतिशतले वृद्धि हुनेछ । |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा रहेका युवाहरूलाई कृषिमा गरिने आधुनिकीकरण तथा व्यावसायिकीकरणबाट आकर्षित गर्ने संभावना रहेको छ । तीनै तहका सरकारका निकायहरू मार्फत् सञ्चालन भएका कार्यक्रमहरूमा सामाञ्जस्यता तथा सहकार्यमा भौतिक पूर्वाधार तथा प्राविधिक ज्ञानको विकास गर्न सकिने छ । वार्षिक रुपमा आउने बाढी तथा अन्य प्रकोपको असरले कृषि उत्पादनमा सोचे जस्तो अपेक्षित नतिजा आउने संभावना कम रहेको छ ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

यस गाउँपालिकामा प्रमुख स्रोत भूमिगत जलस्रोत नै रहेको छ । यस गाउँपालिकाका केही क्षेत्रहरूलाई कोशी नदीको पश्चिम नहरबाट सिंचाईको लागि पानी उपलब्ध हुने गरेको छ । निजी रुपमा सिंचाईको

लागि जडान गरेका बोरिंगहरूबाट नै सिंचाई हुने गरेका छ । यस गाउँपालिकाको ११७६ हेक्टर जमिनमा वर्षैभरि सिंचाई सुविधा पुगेको छ भने २२०० हेक्टर मौसमी सिंचाई उपलब्ध रहेको अवस्था छ ।

### ३.२.२ समस्या तथा चुनौती

गाउँपालिकामा कृषिको प्रचुर संभावना रहेता पनि आकाशकै पानीमा सिंचाईको लागि निर्भर रहनु परेको छ । गाउँपालिकामा ३८०० हेक्टर जमिन जमिन अझै पनि सिंचाईको पहुँच बाहिर रहेको छ । सप्तरी जिल्लाको बाढी प्रभावित गाउँपालिकाहरू मध्येको एक यस गाउँपालिकाका कृषकहरू बाढीका कारण प्रभावित रहने गरेका छन् । साथै जलवायु परिवर्तनका कारणले मौसमी तथा हिँउदे बर्षा प्रभावित भएका कारण र नियमित सिंचाई उपलब्ध नहुँदा खेतीमा आश्रित कृषकहरूलाई असर पुग्न गएको छ ।

### ३.२.३ सोच

"दिगो व्यावसायिक कृषिको लागि नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणाली"

### ३.२.४ उद्देश्य

१. गाउँपालिका क्षेत्रमा सञ्चलान भएका सिंचाई प्रणालीहरूको समुचित संरक्षण, संवर्द्धन र व्यवस्थापन गरेर दिगो तथा लाभदायी उपयोग गर्नु ।
२. नयाँ प्रविधिमा आधारित सिंचाई सुविधा विकास गरी सिंचाई नपुगेका क्षेत्रमा सर्वसुलभ सिंचाई सुनिश्चित गर्नु ।

### ३.२.५ रणनीति

१. गाउँपालिकामा रहेका सिंचाई प्रणालीहरूको संरक्षण र दिगो सदुपयोग गर्ने ।
२. सिंचाई सुविधा नपुगेका क्षेत्रहरूमा नँया सिंचाई प्रणालीको प्रवर्द्धन गर्ने ।
३. भूमिगत जलस्रोत सिंचाई आयोजना विकास तथा व्यवस्थापनमा गाउँपालिका र समुदायको साझेदारी प्रवर्द्धन गर्ने
४. भूमिगत जलस्रोतको संरक्षण र संवर्द्धन गर्ने ।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कुल खेतीयोग्य जग्गामध्ये वर्षैभरी सिंचाई सुविधा उपलब्ध जमीन | प्रतिशत | ५५ | ६० | ६३ | ६५ | ६८ |
| सुचारु सिचाई आयोजना | संख्या | ५ | ६ | ७ | ७ | ८ |
| बाली सघनता | प्रतिशत | १२५ | १२८ | १३० | १३५ | १३५ |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २२४१ | ६७२ | १५६९ | ० | ४२६ | १६८१ | १३४ | ० |
| २०८०/८१ | २२४५ | ६७४ | १५७२ | ० | ४२७ | १६८४ | १३५ | ० |
| २०८१/८२ | २३९७ | ७१९ | १६७८ | ० | ४५५ | १७९८ | १४४ | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई संरचना निर्माण स्तरोन्नति तथा मर्मत संभार कार्यक्रम | बर्षभरी सिचाई सुबिधा विकास र विस्तार गर्नु | सालबसाली | ६८८३ | असिंचित खेतीयोग्य जग्गामा वार्षिक १० प्रतिशतले सिंचाइ सुविधामा वृद्धि हुने |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाभित्र भूमिगत जल सिंचाई तथा नयाँ प्रविधिमा आधारित सिंचाईको प्रचुर संभावना रहेको छ। सिंचाईको बिस्तारले व्यावसायिक कृषि प्रणली तथा उत्पादनमा वृद्धि हुने अनुमान गर्न सकिने अवस्था छ। तर वार्षिक रुपमा आउने बाढीका कारण सिंचाई प्रणालीमा तथा उत्पादनमा क्षती पुग्ने पनि जोखिम रहेको छ।

## ३.३ पशु विकास

### ३.३.१ पृष्ठभूमि

गाउँपालिकाभित्र वन क्षेत्र न्यून रहेको छ। न्यून वन क्षेत्र भएका कारण यस गाउँपालिकामा पशुपालनको राम्ररी विकास हुन नसकेता ६० प्रतिशत घरपरिवारले बाख्रा वा गाई वा भैंसी पालन गरेका छन्। गाउँपालिकाभित्र व्यवसायिक रुपमा पशुपंक्षी पालन गर्ने व्यवसायी ५० जना रहेको तथा ३५ वटा पशुपंक्षी फार्म रहेको छ। गाउँपालिकाभित्र २० व्यावसायिक माछापालक कृषकहरू पनि रहेको छ। यहाँका उत्पादन स्थानीय बजार तथा नजिक गाउँपालिका बाहिरका बजारहरूमा बिक्रि वितरण हुँदै आएको छ। गाउँपालिकामा साप्ताहिक रुपमा सञ्चालन भएका पशुहाटबजारले पनि स्थानीय उत्पादनको बजारीकरणमा सहयोग पुऱ्याउँदै आएको छ। गाँउपालिकाले पशुपंक्षी पालक कृषकहरूलाई नियमित रुपमा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ।

### ३.३.२ समस्या तथा चुनौती

गाउँपालिकाभित्र पशुपंक्षी पालनमा प्रशस्त संभावना भएता पनि प्राविधिकको क्षमता तथा कार्य क्षेत्रको आधारमा जनशक्ति तथा आर्थिक स्रोतको सीमित व्यवस्था भएको हुँदा आवश्यक समयमा सेवा पुऱ्याउन चुनौती रहेको छ। पशुपंक्षी पालक कृषकहरूमा व्यावसायिक ज्ञानको कमी तथा आवश्यक पशु आहारको कमीको कारण मासु तथा दुग्ध उत्पादनमा समेत असर परेको अवस्था छ।

### ३.३.३ सोच

"व्यावसायिक कृषक, पशुपालनमा आत्मनिर्रभर गाउँपालिका"

### ३.३.४ उद्देश्य

१. पशुपालन पेशालाई व्यवसायीकरण गर्न कृषक तथा कृषक समुहको व्यावसायिक तथा प्राविधिक क्षमता विकास गर्नु,

२ पशुपालनलाई रोजगारीको एक प्रमुख क्षेत्रको रुपमा विकास गरी आयआर्जनको अवसर विस्तार गर्नु।

### ३.३.५ रणनीति

१. पशु हाटबजारको विस्तार गरि बजारीकरण थप सुदृढ तथा सुनिश्चितता गर्ने।

२. पशुपालक कृषकको व्यावसायिक ज्ञान तथा क्षमता विकास गर्न आवश्यक तालिम सञ्चालन गर्ने ।
३. मासु, दुध तथा माछा उत्पादनमा वृद्धि गर्ने ।
४. पशुपालनमा स्थानीय संभावनाको आधारमा पकेट क्षेत्रको विकास गर्ने ।
५. पशुपालनको विकास तथा विस्तार गर्न नयाँ प्रविधि, गोठ सुधार कार्यक्रम सञ्चालन गर्ने ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | सङ्ख्या | ४० | ५० | ५० | ५० | ५० |
| व्यावसायिक फर्मको संख्या | सङ्ख्या | ३० | ३५ | ४० | ४५ | ५० |
| वार्षिक दूधको उत्पादन | मे.टन | ३२५८ | ३३०८ | ३४७४ | ३६४७ | ३८३० |
| वार्षिक मासु उत्पादन | मे.टन | २५३ | २७० | २८३ | २९७ | ३१२ |
| वार्षिक अण्डा उत्पादन (हजारमा) | संख्या | ६०५ | ६२३ | ६६४ | ६९७ | ७३२ |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४४८२ | २३९३ | २०८९ | ० | ८५२ | ३३६२ | २६९ | ० |
| २०८०/८१ | ४४९० | ३०९८ | १३९२ | ० | ८५३ | ३३६८ | २६९ | ० |
| २०८१/८२ | ४७९४ | ३३०८ | १४८६ | ० | ९११ | ३५९६ | २८८ | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशुपंक्षी स्वास्थ्य तथा उपचार कार्यक्रम | पशुपन्छी उपचार सेवा, प्राविधिक ज्ञान, प्रविधि विकास र विस्तार गर्नु | सालबसाली | ४८१८ | व्यवसायिक कृषक र पशुपंक्षीजन्य उत्पादनमा वार्षिक ५ प्रतिशतले वृद्धि हुने |
| २ | पशुपंक्षी आहारा विकास तथा व्यवस्थापन कार्यक्रम | पशुपन्छीको आवश्यक आहार स्थानीय स्तरमा नै विकास गर्नु | सालबसाली | ३४४२ | सन्तुलित आहारको उपलब्धीसँगै मासु तथा दूध उत्पादनमा १० प्रतिशतले वृद्धि हुने |
| ३ | पशुपंक्षी विकास अन्य कार्यक्रम | बाखापालक कृषकको सख्यात्मक वृद्धि गर्ने | सालबसाली | ५५०७ | व्यावसायिक बाखापालन गर्ने कृषक सङ्ख्या५० पुगेको हुने |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा रहेका युवाहरूलाई पशुपंक्षी पालन व्यवसायमा आकर्षित गर्ने संभावना रहेको छ । तीन तहका सरकार मार्फत सञ्चालन भएका कार्यक्रमहरूमा सामाञ्जस्यता तथा सहकार्यमा भौतिक पूर्वाधार तथा प्राविधिक ज्ञानको विकास गर्न सकिने छ । पशु आहारको विकास तथा विस्तारको संभावना रहेको छ । तर वार्षिक रुपमा हुने प्रकोप तथा युवा पुस्तामा रहेको जागिरे प्रविधि, व्यवसायिक पशुपालनको विस्तारमा आवश्यक पशु आहार उपचार तथा एकिकृत व्यवस्थापनमा हुने कमीका कारण अपेक्षित नतिजा प्राप्त हुने जोखिम रहेको छ ।

## ३.४ उद्योग तथा व्यापार

### ३.४.१ पृष्ठभूमि

गाउँपालिकामा कृषिको उत्पादन आर्थिक गतिविधिको मुख्य आधार रहेको छ । गाउँपालिकामा स्थानीय स्तरमा नै विभिन्न स्थानमा ११ वटा कृषि तथा पशुहाट बजार लाग्ने गरेको छ । यस हाटबजारको कारणबाट स्थानीय तथा बाहिरी कृषि उपज तथा अन्य सामग्रीहरूको पहुँच तथा बजारीकरणमा वृद्धि गरेको छ । कृषिको संभावना रहेको यस गाउँपालिकामा साना तथा मझौला स्तरका व्यापार व्यवसायहरू सञ्चालनमा रहेका छन् । हाल ३४ वटा व्यवसाय सञ्चालनमा रहेका छन् । यी व्यवसायहरू सबै वाणिज्य प्रकृतिका छन् । यस गाउँपालिकामा रहेका उद्योग तथा व्यवसायलाई थप उत्पादनशील र व्यावसायिक बनाउनुपर्नेछ ।

### ३.४.२ समस्या तथा चुनौती

गाउँपालिकामा कृषिमा आधारित घरेलु उद्योग संभावना रहेता पनि स्थानीय स्तरमा उद्योग सञ्चालन गर्ने आवश्यक नीति तथा मापदण्डहरू बन्न नसकेको अवस्था रहेका छन् । सञ्चालनमा रहेको हाटबजारहरू पनि व्यवस्थित रुपमा सञ्चालन नहुँदा वर्षामा बजार सञ्चालन गर्न र हाटबजारबाट निस्कने फोहोर व्यवस्थापन गर्न चुनौती रहेको छ ।

### ३.४.३ सोच

"दिगो आर्थिक विकासको आधार उद्योग व्यवसाय"

### ३.४.४ उद्देश्य

१. गाउँपालिकाका उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थापन सम्बन्धी नीति नियम तथा रणनीति तयार गरी उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्नु ।
२. गाउँपालिकामा रहेका उद्योग तथा व्यवसायीहरूसँग सहकार्य गरी युवा रोजगारी सृजना तथा उद्यमशीलता वृद्धि गर्ने ।

### ३.४.५ रणनीति

१. उद्योग व्यवसायको प्रवर्द्धन गर्न आवश्यक संयन्त्र तयार गर्ने ।
२. गाउँपालिकालाई स्थानीय उत्पादनहरूमा आत्मनिर्भर बनाइ सुदृढ अर्थतन्त्र निर्माण गर्न सार्वजनिक निजी साझेदारीलाई प्रभावकारी बनाउने ।
३. दिगो तथा जिम्मेवार उत्पादन, वितरण र उपभोग अभ्यास प्रवर्द्धन र प्रोत्साहन गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ३५ | ४० | ५० | १०० | १५० |
| गाउँपालिकामा दर्ता भएका व्यवसाय | संख्या | ३४ | ३६ | ४० | ४५ | ५० |
| व्यवसाय करबाट सङ्कलित राजस्व | रु.हजारमा | ८० | ९० | १२० | १३५ | १७५ |
| औद्यौगिक तथा व्यापार मेला | पटक | ० | ० | ० | १ | १ |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २२४१ | १५४६ | ६९५ | ० | ४२६ | १६८१ | १३४ | ० |
| २०८०/८१ | २२४५ | १५४९ | ६९६ | ० | ४२७ | १६८४ | १३५ | ० |
| २०८१/८२ | २३९७ | १६५४ | ७४३ | ० | ४५५ | १७९८ | १४४ | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) | स्थानीय उत्पादनलाई ग्राह्यता दिनलाई उद्यमी विकास गर्ने | सालबसाली | ४०३३ | वार्षिक ८० जना उद्यमी तयार हुनेछ । ६० % महिला सहभागिता हुने |
| २ | व्यापार व्यवसाय प्रवर्दन कार्यक्रम | अनुकुल वातावरण सिर्जना गरि गुणात्मक व्यवसाय बृद्दी गर्ने | सालबसाली | १८१८ | व्यवसाय करबाट संकलित राजस्वमा वार्षिक १० प्रतिशतले वृद्धि हुने |
| ३ | लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम | क्षमता अभिवृद्वी, उत्पादकत्व वृद्धि भई स्थानिय अर्थतन्त्रमा योगदान गर्ने | सालबसाली | १०३३ | व्यवसायिक क्षेत्रको उत्पादन र रोजगारीमा वार्षिक १० प्रतिशतले वृद्धि हुने |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकारबीच कार्यक्रम तथा आवश्यक पूर्वाधार निर्माणमा सहकार्य गरी उद्योग व्यवसाय विस्तार हुनेछ । नजिकमा रहेको भारतको सिमावर्ती बजारको कारण उत्पादित सामग्रीहरूको बजारीकरणको जोखिम रहेको छ ।

## ३.५ पर्यटन तथा संस्कृती विकास

### ३.५.१ पृष्ठभूमि

यस गाउँपालिका विभिन्न धर्मका ५० भन्दा बढी मठमन्दिरहरू तथा धार्मिकस्थलहरू रहेका छन् । यी मठमन्दिरहरूको धार्मिक महत्वका आधारमा छिमेकी गाउँपालिका तथा नगरपालिकाका साथै छिमेकी राष्ट्रबाट समेत भक्तजनहरूको आवागमन हुने गरेको छ । गाउँपालिकाभित्र ६७ वटा पोखरीहरू पनि रहेका छन् । यी मठमन्दिर तथा पोखरीहरूबाट आन्तरिक पर्यटकलाई आर्कषित गर्न सक्ने प्रचुर संभावना रहेकोछ ।

### ३.५.२ समस्या तथा चुनौती

गाउँपालिकामा प्रशस्त मात्रामा मठमन्दिर तथा पोखरी भएता पनि यी धार्मिक तथा प्राकृतिक सम्पदाहरूको आवश्यक मात्रामा संरक्षण हुन सकेको छैन । यी सम्पदाहरूको संरक्षणको कमीका कारण आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आर्कषित गर्न चुनौती रहेको छ ।

### ३.५.३ सोच

"आन्तरिक पर्यटनको आधार संरक्षित धार्मिक तथा साँस्कृतिक सम्पदा"

### ३.५.४ उद्देश्य

१. गाउँपालिकाको धार्मिकस्थल तथा पोखरीको संरक्षण गरी आन्तरिक पर्यटकलाई आकर्षित गर्नु ।
२. गाउँपालिकामा धार्मिक पर्यटक विकास गर्न नीति तर्जुमा गरी कार्यान्वयन गर्नु ।

### ३.५.५ रणनीति

१. गाउँपालिकामा वार्षिक रुपमा लाग्ने धार्मिक मेलालाई व्यवस्थित गर्दै लैजाने ।
२. आन्तरिक पर्यटकलाई आकर्षित गर्न प्रचार-प्रसार गर्ने ।
३. स्थानीय क्षेत्रमा रहेका भाषा संस्कृती संरक्षण गर्न योजना बनाई कार्यान्वयन गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७७/७८ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| गाउँपालिका भ्रमण गर्ने पर्यटक - आन्तरिक (वार्षिक) | संख्या | ० | ० | १००० | १५०० | ३००० |
| व्यवस्थित र स्तरीय पर्यटकीय स्थल तथा सम्पदा | संख्या | ० | ० | ० | ० | १ |
| व्यवस्थित पार्क/उद्यान, पिकनिक र हाइकिङ स्थल | संख्या | १ | २ | २ | ३ | ३ |
| मठमन्दिर तथा धार्मिक स्थल | संख्या | ५० | ५० | ५० | ५० | ५० |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २२४१ | १५४६ | ६९५ | ० | ४२६ | १६८१ | १३४ | ० |
| २०८०/८१ | २२४५ | १५४९ | ६९६ | ० | ४२७ | १६८४ | १३५ | ० |
| २०८१/८२ | २३९७ | १६५४ | ७४३ | ० | ४५५ | १७९८ | १४४ | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटकीय, सास्कृतिक तथा धार्मिक स्थलहरूको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | पर्यटकीय, धार्मिक तथा सास्कृतिक स्थलहरूको संरक्षण गर्नु | सालबसाली | ६८८३ | ३० धार्मिक तथा सास्कृतिक सम्पदाहरूको मर्मत तथा संरक्षण हुनेछ । |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा प्रशस्त धार्मिक स्थलहरू रहेको हुँदा आन्तरिक धार्मिक पर्यटक आकर्षित गरी आन्तरिक स्रोत वृद्धि हुने अनुमान गरिएको छ । कोभिड-१९ लगायतका महामारी र तथा सीमित रुपमा प्रचार प्रसारले आन्तरिक धार्मिक पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ ।

## ३.६ भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा

### ३.६.१ पृष्ठभूमि

गाउँपालिकाभित्र १ वाणिज्य बैंक सहित बचत तथा ऋण सहकारी र कृषि सहकारी गरी ८ वटा वित्तीय संस्था रहेका छन । गाउँपालिकाका बासिन्दाहरूले बैकिंग सेवा राजविराजबाट लिने गरेका छन् । गाउँपालिकाका ७० प्रतिशत जनसंख्यामा वित्तिय सेवामा पहुँच रहेको छ ।

### ३.६.२ समस्या तथा चुनौती

गाउँपालिकामा वाणिज्य बैंकको कमिले यँहाका बासिन्दाहरू गाउँपालिका बाहिरबाट बैकिंङ सेवाको निमित्त बाहिरी क्षेत्रमा निर्भर रहनु परेको छ । यसले गर्दा घरायसी स्तरको वित्तिय सुरक्षामा चुनौती रहेका छ । गाउँमा बचत तथा ऋण सहकारी संस्था पनि सीमित रहेको पँहुच पनि नपुगेको अवस्था छ । वित्तीय साक्षरताको कमी, धितो राख्ने सम्पत्तिको अभाव, आवश्यक प्रमाण पुऱ्याउन नसक्नु, झन्झटिलो कागजी प्रक्रिया र आवश्यक सहयोगका लागि सेवा केन्द्रको अभाव कारण अनौपचारिक क्षेत्रबाट कारोवार हुने गरेको छ ।

### ३.६.३ सोच

"सर्व-शुलभ पहुँचयुक्त सहकारी"

### ३.६.४ उद्देश्य

१. स्थानीय सहकारीहरूको उचित संवर्द्धन, नियमन, व्यवस्थापन र क्षमता विकासका माध्यमबाट वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा सहयोग गर्नु ।
२. सहकारी संस्थाको क्षमता विकास र उत्पादनशील क्षेत्रमा परिचालन गर्नु ।

### ३.६.५ रणनीति

१. सहकारी शिक्षामा वृद्धि तथा सहकारी माध्यम मार्फत  अनुदान कार्यक्रमहरूको सञ्चालन गर्ने ।
२. सहकारी संस्थाहरूको वित्तीय तथा व्यवस्थापकीय क्षमता विकास तथा दक्षता अभिवृद्धि गर्ने ।
३. कृषि तथा उत्पादनशिल क्षेत्रमा लगानी गर्न सहकारीलाई प्रोत्साहन तथा परिचालन गर्न सहयोग गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | ३० | ३३ | ४० | ४५ | ५० |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | प्रतिशत | ९० | १०० | १०० | १०० | १०० |

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २२४१ | १५४६ | ६९५ | ० | ४२६ | १६८१ | १३४ | ० |

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २२४५ | १५४९ | ६९६ | ० | ४२७ | १६८४ | १३५ | ० |
| २०८१/८२ | २३९७ | १६५४ | ७४३ | ० | ४५५ | १७९८ | १४४ | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | आगामी तीन वर्षको अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी प्रवर्द्धन कार्यक्रम | सहकारीको क्षमता अभिवृद्धि तथा नियम पालनामा वृद्धि गर्नु | सालबसाली | २७५३ | २६ सहकारीको क्षमतामा अभिवृद्धि हुने । |
| २ | भूमि व्यवस्था तथा वित्तीय सेवा प्रवर्द्धन कार्यक्रम | सहकारीको परिचालन गरी स्थानीय उत्पादनमा वृद्धि गर्नु | सालबसाली | ४१३० | सहकारीले उत्पादनमूलक व्यवसाय सञ्चालन गरेका हुने |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाका बासिन्दाहरूमा वित्तीय साक्षरताका अवसरहरू उपलब्ध हुनेछ । सहकारी संस्थाहरू उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन् । कोभिड-१९ लगायत अन्य महामारीको नियन्त्रण तथा आर्थिक गतिविधि विस्तार हुनेछ । उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न जोखिम रहन्छ ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

गाउँपालिका कृषिमा निर्भर रहेको हुनाले यँहाको श्रम पनि कृषिमा आधारित छ । गाउँपालिकाभित्र निर्माण हुने आवासका लागि आवश्यक जनशक्ति पनि न्यून रहेको छ । बिगत ३ बर्ष देखि गाउँपालिकाले अति विपन्न परिवारको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । सो कार्यक्रमबाट विगत ३ वर्षदेखि ७०० जनाले औसत ६५ दिनको रोजगाार पाएका छन् । गाउँपालिकाले स्थानीय स्तरमा दक्ष जनशक्ति तयारगर्न वार्षिक रुपमा ३० जना युवा युवतीहरूलाई सीपमूलक तालिमहरू दिइरहेको छ ।

### ३.७.२ समस्या तथा चुनौती

गाउँपालिकामा रोजगारका अवसरहरू न्यून रहेको कारण युवाहरू गाउँपालिका तथा देश बाहिर नै रोजगारको लागि जाने निरन्तर बढ्दो छ जसले गर्दा उपलब्ध भएका दक्ष जनशक्तिहरूको समेत कमि रहेको अवस्था छ । युवाहरूमा सिपयुक्त दक्षताको कमिले भौतिक निर्माण कार्य गर्न पनि बाहिरी क्षेत्रमा निर्भर रहनु परेको छ । हाल सञ्चालनमा रहेको थोरै पूर्वाधार निर्माण कार्यहरूमा पनि मसिनहरूको प्रयोग बढ्दै गइरहेको हुनाले स्थानीय स्तरमा हुन सक्ने अदक्ष जनशक्तिको अवसर घट्दो रुपमा रहेको छ ।

### ३.७.३ सोच

"दक्ष जनशक्तीमा आधारीत रोजगारीमा अभिवृद्धि तथा गरिबी न्यूनिकरण"

### ३.७.४ उद्देश्य

१. दक्ष युवा जनशक्ति विकास गर्दै स्थानीय श्रम आवश्यकता पुरा गर्नु ।
२. स्थानीय तथा देशको आवश्यकताको आधारमा सङ्घ, प्रदेश तथा निजी क्षेत्रको सहकार्यमा स्थानीय श्रम, सीपको पहिचान गरि क्षमता विकास गर्नु ।

### ३.७.५ रणनीति

१. बजार तथा स्थानीय माग अनुसार श्रमको पहिचान गरी उपलब्ध जनशक्ति तथ्यांक तयार गर्ने तथा परिचालन गर्ने ।

२. आवश्यक श्रमशक्तिको पहिचान तथा संभावित रोजगारदाताहरूसँगको समन्वयमा स्थानीय जनशक्तिलाई रोजगारी दिन पैरवी तथा सहकार्य गर्ने ।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | ६ | ८ | ९ | १० | ११ |
| कार्यक्रमबाट सिर्जित रोजगारीको कार्यदिन | दिन | ५००० | ७००० | ८००० | ९००० | १०००० |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १५१० | १०४२ | ४६८ | ० | २८७ | ११३३ | ९० | ० |
| २०८०/८१ | १५१० | १०४२ | ४६८ | ० | २८७ | ११३३ | ९० | ० |
| २०८१/८२ | १५५० | १०७० | ४८१ | ० | २९५ | ११६३ | ९३ | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | बेरोजगारलाई रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालवसाली | ३७७५ | न्यून आय भएका वार्षिक ४५० जना विपन्नले मौसमी रोजगार प्राप्त गरेका हुने । |
| २ | अन्य श्रम तथा रोजगार सृजना कार्यक्रम | बेरोजगारलाई रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालवसाली | ७९५ | स्थानीय स्तरमा रोजगार श्रृजना भइ स्वरोजगारीमा वृद्धि हुने । |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

रोजगारी सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा भई युवाहरूलाई गाउँबाट बाहीरिने क्रममा कमी आउनेछ। रोजगार प्रवर्द्धन गर्ने कार्यक्रमको निरन्तरता तथा कार्यान्वयन नभए लक्षित नतिजा हासिल नहुने जोखिम रहेको छ ।

## ३.८ गरिबी निवारण

### ३.८.१ पृष्ठभूमि

गाउँपालिकामा कृषिमा आधारित कार्यक्रमहरूबाट नै गरिबी निवारण हुन्छ भन्ने सोचाइ अनुरूप नै योजना तथा कार्यक्रमहरू बनाइने गरेको छ । गाउँपालिकामा सञ्चालित कार्यक्रहरूमध्ये ४० प्रतिशतभन्दा बढी कार्यक्रमहरू प्रत्यक्ष अप्रत्यक्ष रुपमा गरिबी निवारणसँग सम्बन्धित रहेका छन् । हाल यस क्षेत्रको गरिबी २४ प्रतिशत भन्दा माथि रहेको छ । गाउँपालिकाको मानव विकास सूचांकाक ०.४३ (सन् २०१८ अनुसार) मात्र रहेका छ ।

### ३.८.२ समस्या तथा चुनौति

गउँपालिकाले सङ्घ तथा प्रदेश सरकारले जस्तै गरिबी निवारणलाई मुख्य लक्ष्यका रूपमा लिइ पहल गरिएता पनि गरिबीको कुचक्र तोड्ने दिशामा आसातित सफलता हासिल गर्न नसकेको देखिन्छ । गाउँपालिकामा वर्षैपिच्छे आउने बाढी तथा समयमा प्राप्त नहुने कृषि सामग्रीहरूको कारणले कृषिमा निर्भर बहुसङ्ख्यक कृषकहरूको वार्षिक आम्दानीमा सुनिश्चितता नहुनाले कारण गाउँपालिकाद्वारा सञ्चालन भएका कार्यक्रमहरू प्रभावकारी हुन सकेको छैनन् । गैरकृषि क्षेत्रमा आधारित क्रियाकलापहरू न्यून रहेको हुनाले आय आर्जनमा कमीको कारण गरिबी निवारण कठिन बनेको छ । आर्थिक क्षेत्रमा कोभिड महामारी र राष्ट्रिय रूपमा देखा परेको आर्थिक गतिविधिमा देखा परेको सिथिलताका कारण रोजगारीको क्षेत्र सङ्कुचित भएको छ । स्थानीय अर्थतन्त्रको प्रमुख संवाहक कृषि, पशुपालन क्षेत्रबाट अति विपन्न वर्गको आयआर्जनलाई तुलनात्मक फाइदा पुऱ्याउन सकेको छैन । लक्ष्य अनुरूप गरिबी घटाउनु, असमानता बढनु, दिगो रोजगारीका अवसर सिर्जना गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

### ३.८.३ सोँच

"गरिबी न्यूनिकरणको आधार, स्थानीय स्रोत र साधानको अधिकतम प्रयोग"

### ३.८.४ उद्देश्य

१. गरिबीका रेखामुनी रहेका जनसङ्ख्यापहिचान गरी गरिब लक्षित कार्यक्रम सञ्चालन गर्नु ।
२. गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्नु,
३. स्रोत तथा साधनमा गरिबको सहज पहुँच स्थापित गर्नु ।

### ३.८.५ रणनीति

१. गरिब घरपरिवार पहिचान गरी तथ्यांक अद्यावधिक गर्ने ।
२. गरिबी निवारण लक्षित रोजगार तथा स्वरोजगारमूलक सीप विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।
३. उत्पादनमूलक रोजगारीका अवसरको अभिवृद्धि गर्न सार्वजनिक नीजि साझेदारी तथा सङ्घ संस्थाहरूको सहकार्यमा गरिबी निवारण कार्यक्रम सञ्चालन गर्ने ।
४. आधारभूत आवश्यकताबाट बञ्चित गरिब घरपरिवारलाई तत्कालिन तथा दीर्घकालीन रूपमा आवश्यकताको सम्बोधन गर्ने ।

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| निरपेक्ष गरिबीका रेखामुनी रहेको जनसङ्ख्या | प्रतिशत | ३० | ३० | २९.८ | २९.६ | २९.४ |
| गरिब लक्षित कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या | जना | १०० | १०० | १५० | १७५ | २०० |

### ३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ७३१ | ५०४ | २२७ | ० | १३९ | ५४८ | ४४ | ० |
| २०८०/८१ | ७३५ | ५०७ | २२८ | ० | १४० | ५४८ | ४७ | ० |

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ८४७ | ५८४ | २६३ | ० | १६१ | ६३५ | ५१ | ० |

### ३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गरीबी निवारण कार्यक्रम | स्थानीय स्तरमा गरीबी न्यूनीकरण गर्नु | सालवसाली | २३१३ | गरीबीको रेखा मुनीको जनसङ्ख्या वार्षिक रुपमा कम हुनेछन् । |

### ३.८.९ जोखिम पक्ष तथा अनुमान

रोजगारी सम्बन्धि नीति तथा कार्यक्रम तर्जुमा भई युवाहरूलाई गाउँबाट बाहिरिने क्रममा कमी आउनेछ । रोजगार प्रवर्द्धन गर्ने कार्यक्रमको निरन्तरता तथा कार्यान्वयन नभए लक्षित नतिजा हासिल नहुने जोखिम रहेको छ ।

# परिच्छेद चार : सामाजिक क्षेत्र

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

तिलाठी कोईलाडी गाउँपालिकामा साक्षरता पुरुष र महिला क्रमशः ९५.७६ र ८७.१९ रहेको छ, जुन राष्ट्रिय औसतभन्दा माथी रहेको छ । यस गाउँपालिकामा १७ वटा सामुदायिक र १३ संस्थागत विद्यालयहरू सञ्चालनमा रहेका छन् । यस गाउँपालिकामा कक्षा १ मा विद्यार्थी खुद प्रवेश दर ९८.१५ रहेको देखिन आएको छ । गाउँपालिकामा आधारभूत शिक्षा हासिल गर्ने विद्यार्थीको सङ्ख्या ४८४८ तथा आधारभूत तहको शिक्षक विद्यार्थी अनुपात १:१४६.१ रहेको अवस्था छ । आधारभूत शिक्षा हासिल गरेका जनसङ्ख्या८८१८ रहेको र यसमध्ये छात्राको सहभागिता ४२.८१५ प्रतिशत रहेको छ ।

### ४.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा शिक्षामा राष्ट्रिय औसतभन्दा राम्रै अवस्थामा रहेता पनि शिक्षा क्षेत्रलाई समतामूलक, समावेशी बनाई सूचना, सञ्चार तथा प्राविधिक रुपमा अझ बढी प्रभावकारी बनाउन आवश्यक स्रोत, जनशक्ति तथा साधनको अभावमा समस्या रहेको छ । शिक्षामा सबैको पहुँच विस्तार गर्न विद्यालयस्तरका पूर्वाधारहरू अपाङ्गतामैत्री, बालमैत्री र छात्रामैत्री बनाउनु चुनौतीपूर्ण रहेको छ । विद्यालयमा कार्यरत शिक्षक तथा शिक्षिकाहरूको दक्षता अभिवृद्धि गरेर बिद्यलाय स्तरको सिकाईमा प्रगती गर्न र आवश्यक स्रोतको अभावमा अनुगमन तथा मूल्यांकन प्रभावकारी रुपमा अगाडी बढाउन गाउँपालिकाले अझ बढी कार्य गर्नुपर्ने देखिन्छ । विद्यालयको व्यवस्थापन, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिहरूलाई चुस्त र जिम्मेवार बनाउन जरुरी देखिन आएको छ ।

### ४.१.३ सोच

"विकासको आधार पहुँचयुक्त गुणस्तरीय शिक्षा"

### ४.१.४ उद्देश्य

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु,
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित् गरी गुणस्तर वृद्धि गर्नु,
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
४. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु,
५. विद्यालयमा सुशासन प्रवर्द्धन गरि सिकाइ उपलब्धी अभिवृद्धि गर्नु,
६. विद्यालयलाई भय, विभेद, र दुर्व्यवहारमुक्त तथा विविधता अनुकुल बनाई बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु,
७. आपतकालीन, सङ्कटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितीमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु,
८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु,
९. सिर्जनशिल, दक्ष, नैतिकवान, जीवनपयोगी सीपयुक्त र सकारात्मक सोच भएको नागरिक तयार गर्नु ।

## ४.१.५ रणनीति

१. बालबालिकाहरूको पहुँचमा गुणस्तरीय प्रारम्भिक शिक्षा पुऱ्याउन गाउँपालिका, वडा र विद्यालयको आवश्यक सुविधा सहित विद्यार्थी भर्ना अभियान चलाउने साथै नक्साङ्कनको आधारमा दूरीमा विद्यालय व्यवस्थापन गर्ने,

२. अनिवार्य तथा  निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरूमा जोड दिने,

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण निर्देशन तथा मूल्यांकन जस्ता पक्षहरूमा जोड दिने,

४. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा उपलब्ध गराउनको लागि समुदायिक सिकाई केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने

५. विद्यालयहरूमा सुशासन प्रवर्द्धन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरूमा उत्तरदायित्वको बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन  प्रर्वद्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशनजस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने,

६. स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने,

७. विद्यालय आपत्कालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने,

८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने,

९. सिर्जशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोँच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने ।

## ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| पूर्व प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | ४० | ४२ | ५० | ६० | ७० |
| प्राथमिक तह खुद भर्ना | प्रतिशत | ९० | ९२ | ९५ | १०० | १०० |
| माध्यमिक तहमा खुद भर्नादर (९ देखि १२) | प्रतिशत | ७३ | ७७ | ८० | ८५ | ९० |
| १५ देखि माथिका उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | ४७ | ५२ | ५५ | ६५ | ८० |
| विद्युत्मा पहुँच भएका विद्यालयहरू | प्रतिशत | १७ | १७ | १७ | १७ | १७ |
| इन्टरनेटमा पहुँच विद्यालयहरू | प्रतिशत | २ | ५ | १० | १७ | १७ |
| खानेपानी, सरसफाइ र स्वच्छता सुविधा उपलब्ध विद्यालय | प्रतिशत | १७ | १७ | १७ | १७ | १७ |
| अपाङ्गमैत्री विद्यालयहरू | प्रतिशत | ० | ० | १० | २० | ३० |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक | प्रतिशत | ४० | ५० | ६० | ७० | ८० |

## ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४४८२२ | २२१८४ | २२६३८ | ० | ८५१६ | ३३६१७ | २६८९ | ० |
| २०८०/८१ | ४४९०४ | १४०४१ | ३०८६२ | ० | ८५३२ | ३३६७८ | २६९४ | ० |
| २०८१/८२ | ४७९४१ | १४९९१ | ३२९५० | ० | ९१०९ | ३५९५६ | २८७६ | ० |

## ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय भौतिक निर्माण तथा सुधार कार्यक्रम | विद्यालयमा आवश्यक पूर्वाधारको विकास गरी पठनपाठनमा सहयोग पुर्‍याउनु | सालबसाली | ५५७५५ | भर्नादर र टिकाउ दरमा ५ प्रतिशत वृद्धि हुने |
| २ | स्वयम्सेवक शिक्षक भर्ना कार्यक्रम | गुणस्तरीय शिक्षा मार्फत् बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्नु | २०७९/०८० | २०००० | विद्यालय छाड्ने दरमा ९० प्रतिशतले कमी आउने, सिकाई उपलब्धी दरमा ३५ प्रतिशतले वृद्धि हुने र ३५ जनाले रोजगारीको अवसर पाउने । |
| ३ | छात्रामैत्री चर्पी निर्माण आयोजना | विद्यालयमा छात्राको नियमितता बढाउनु | २०७९/८० | १०००० | १२ वटा छात्रमैत्री चर्पी निर्माण हुनेछ र छात्राको विद्यालय छाड्ने दरमा ९० प्रतिशतले कमी आउने । |
| ४ | शिक्षक कर्मचारीको क्षमता विकास तथा अध्ययन भ्रमण कार्यक्रम | अध्ययन अध्यापन तथा व्यवस्थापनमा सहजता ल्याउनु | सालबसाली | ६८८३ | शिक्षामा गुणस्तर कायम गर्न करिब २०० जना शिक्षक तथा कर्मचारीको क्षमता विकास भएको हुने । |
| ५ | बाल विकास केन्द्र व्यवस्थापन कार्यक्रम | बालविकास केन्द्रहरूलाई सुविधा सम्पन्न बनाउनु | सालबसाली | ७५७२ | २३ वटा बाल विकास केन्द्रमा आवश्यक शैक्षिक सामग्री व्यवस्थापन गरी प्रविधिमैत्री बनाई सिकाईको वातावरण विकास भएको हुने । |
| ६ | दलित बालबालिका सहयोग कार्यक्रम | शिक्षामा दलित बालबालिकाको पहुच बढाउनुका साथै टिकाई राख्नु | सालबसाली | ८९४८ | ७५० दलित बालबालिका विद्यालयमा निरन्तर रही शिक्षाको मूलप्रवाहमा समाहित हुने । |
| ७ | वडा स्तरीय क्रिकेट प्रतियोगिता | स्वस्थ जनशक्ति उत्पादनमा सहयोग गर्ने | २०७९/८० | ९७५ | ३०० जना विद्यार्थीले आफ्नो प्रतिभा प्रदर्शन गर्नेछन् र १० जनाले जिल्लाको टिमबाट खेल्ने अवसर पाएका हुनेछन् । |
| ८ | प्रविधिमैत्री विद्यालय निर्माण कार्यक्रम | विद्यालयलाई प्रविधिमैत्री बनाई समयानुकुल शिक्षा प्रदान गर्नु । | सालबसाली | २७५३३ | १७ वटा विद्यालयमा आईसिटी ल्याब स्थापना भई सूचना तथा प्रविधिमैत्री शिक्षण सुविधा उपलब्ध हुनेछ । |

### ४.१.९ अनुमान तथा जोखिम

शैक्षिक क्षेत्रमा नँया प्रविधि मार्फत सिकाई तथा अध्ययनका बिधिहरू प्रयोग हुनेछ । शैक्षिक ऐन तथा नियमावलीहरू परिमार्जन भई कार्यान्वयनमा आउनेछ । तीन तहका सरकारबीच आवश्यक सहकार्य, समन्वय र साझेदारी जस्ता पक्षमा ध्यान नपुगे अपेक्षित नतिजा हासिल हुनमा जोखिम छ ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

गाउँपालिकामा रहेका ८ वटा स्वास्थ्य केन्द्र मार्फत गाउँपालिकामा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । यी स्वास्थ्य निकायहरूबाट नियमित रुपमा बिरामी चेकजाँच हुनुको साथै गर्भवती महिलाहरूको जाँच, बच्चा खोप सेवा नियमित रुपमा सञ्चालन भएको अवस्था छ । यी स्वास्थ्य संस्थामा रहेका बर्थिङ सेन्टरबाट प्रसूति सेवा प्रदान उपलब्ध हुँदै आएको छ । यँहा खोप नपाएका बालबालिकाको सङ्ख्या शून्य रहेको छ । जटिल रोगका उपचार तथा थप स्वास्थ्य सेवा आवश्यक परेमा राजविराज अवस्थित गजेन्द्र नारायण सिंह अस्पातलबाट प्राप्त गर्न सकिने अवस्था रहेको छ । गाउँपालिकाले स्थानीय तहका स्वास्थ्य संस्थाहरूको सेवालाई अझ बढी प्रभावकारी बनाउन भौतिक पूर्वाधार विकास गर्ने र स्वास्थ्य सेवा सर्वसुलभ बनाउन आवश्यक नीति, निर्देशिकाहरू बनाई कार्यान्वयन गर्दै आइरहेको छ ।

### ४.२.२ समस्या तथा चुनौती

गाउँपालिकाका सबै बडाहरूबाट स्वास्थ्य सेवाहरू उपलब्ध हुँदै आइरहेता पनि यहाँ महिला, किशोरी तथा बच्चाहरूमा रक्त अल्पता, कम उमेरमा विवाह भइ बच्चा जन्माएर महिलाको स्वास्थ्यमा परेका नकारात्मक शारीरिक असर, महिलाको पाठेघर खस्ने तथा गर्भवती र बच्चाका कुपोषणहरू प्रमुख समस्याको रुपमा रहेको छ । सुरक्षित पानीको अभावको कारणले वार्षिक रुपमा झाडा-पखालाजस्ता रोग नियन्त्रण गर्नु पनि चुनौतीको रुपमा रहेको छ । स्वास्थ्य क्षेत्रमा आवश्यक दक्ष जनशक्तिको अभावका कारण गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन समेत कठिनाइ रहेको छ ।

### ४.२.३ सोँच

"स्वास्थ्य समाज, पहुँचयुक्त स्वास्थ्य सेवा"

### ४.२.४ उद्देश्य

१. गाउँपालिकाभित्र नि:शुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नु ।
२ आकस्मिक तथा महामारीजन्य रोगहरूबाट हुने जोखिमहरू विरुद्ध लड्न आवश्यक भौतिक पूर्वाधार तथा संयन्त्र तयार गर्नु ।

### ४.२.५ रणनीति

१. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक जनशक्ति व्यवस्थापन तथा सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने ।
२ गाउँपालिका क्षेत्रमा रहेका स्वास्थ्य केन्द्रहरू मार्फत् सुरक्षित प्रसूति सेवादिन बर्थिंङ सेन्टरहरू निर्माण गरी आवश्यक सेवा प्रदान गर्ने ।
३. नागरिकमा दिगो र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न निजी र स्वास्थ्य सम्बन्धी आवश्यक जनचेतना वृद्धि गर्न स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको थप क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० |
| क्षयरोग लाग्ने दर (प्रतिलाखमा) | प्रतिशत | १२० | ११४ | १०० | ८० | ५० |
| प्रजनन उमेर (१५ देखि ४९ वर्ष उमेर) का परिवार नियोजनका साधन प्रयोग गर्ने महिला | जना | ६८७६ | ६९१७ | ७५०० | ७७५० | ८००० |
| प्रोटोकल अनुसार चार पटक प्रसवपूर्व स्वास्थ्य/सेवा प्राप्त गर्ने महिला | प्रतिशत | ५० | ५९ | ६५ | ७० | ७५ |
| हेपाटाइटिस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | प्रतिशत | ७२ | ७५ | ८० | ८५ | ९० |
| घरवाट स्वास्थ्य सँस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार | प्रतिशत | ९८ | १०० | १०० | १०० | १०० |
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | ० | १५ | २५ | ५० | ७५ |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ८९६४४ | ५६३० | ८४०१४ | ० | १७०३२ | ६७२३३ | ५३७९ | ० |
| २०८०/८१ | ८९८०७ | ५६४० | ८४१६७ | ० | १७०६३ | ६७३५५ | ५३८८ | ० |
| २०८१/८२ | ९५८८३ | १२३११ | ८३५७२ | ० | १८२१८ | ७१९१२ | ५७५३ | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उप-क्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अस्पताल निर्माण आयोजना, वडा न ३ | १५ बेडको सुविधा सम्पन्न अस्पताल अस्पताल बनाउनु | २०७९/८० - २०८१/८२ | १३०००० | भवन निर्माण भई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध भएको हुने । |
| २ | अस्पताल निर्माण आयोजना, वडा नं ७ | १५ बेडको सुविधा सम्पन्न अस्पताल अस्पताल बनाउनु | २०७९/८० - २०८१/८२ | १३०००० | भवन निर्माण भई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध भएको हुने । |
| ३ | सुत्केरी गर्भवती महिला तथा बच्चा पोषण कार्यक्रम | सुत्केरी गर्भवती महिला तथा बच्चा स्वास्थ्यमा सुधार गर्नु | सालबसाली | ३०१७ | ७५० महिला लाभन्वित हुने । |
| ४ | आधारभूत स्वास्थ्य सेवा कार्यक्रम | वडा तहमा स्वास्थ्य संस्था सञ्चालन तथा सुदृढीकरण गरी नियमित रुपमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नु | सालबसाली | १२३१७ | ८ वटा स्वास्थ्य संस्थाहरूमार्फत गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा नियमितरुमा संञ्चालन हुनेछ र स्वास्थ्य सम्बन्धी दिगो विकासका लक्ष्यहरू पुरा गर्न सहयोग पुग्ने । |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य क्षेत्रमा निर्माण हुने आधुनिक सुविधा सम्पन्न अस्पताल मार्फत् सेवा सञ्चालन हुनेछ । औषधी तथा खोप उपलब्ल हुने, प्रसूति सेवा निरन्तर रुपमा सञ्चालन हुनेछ । स्थानीय, प्रदेश तथा सङ्घबीचमा सहकार्य तथा समन्वय हुन नसकेमा महामारीका कारण जनस्वास्थ्यमा हुन सक्ने असरका कारण सामाजिक

तथा आर्थिक स्थितीमा प्रभाव पर्न सक्ने र अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम कायम रहने छ ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

यस गाउँपालिकामा खानेपानीको मुख्य स्रोत ट्यूवेल रहेको छ । गाउँपालिकाका ९७ प्रतिशत घरधुरीमा ट्यूवेलबाट खानेपानी उपलब्ध रहेको छ भने बाँकी घरधुरीले इनारबाट खानापानी खाइरहेका छन् । निजी ट्यूवेल नभएका घरपरिवारले सरकारीस्तरमा जडान गरेको सार्वजनिक ट्यूवेलबाट खानेपानीलाई प्रयोग गरिरहेका छन् । गाउँपालिका खुला दिसामुक्त घोषणा भएको अवस्था छ । यँहा ९७ प्रतिशत घरमा शौचालय निर्माण तथा प्रयोग हुँदै आएको छ । निर्माण भएका शौचालयमध्ये ९९ प्रतिशत पक्की तथा रिङ्ग प्रयोग गरी निर्माण गरिएको छ । गाउँपालिकाले वार्षिक रुपमा अति विपन्न परिवारलाई शौचालय निर्माण तथा खानेपानीमा सहयोग गर्दै आइरहेको छ । दिसाजन्य फोहोर सङ्कलन गर्न गाउँपालिकाले एक टैंकर प्रयोग गर्दै आइरहेको छ ।

### ४.३.२ समस्या तथा चुनौती

गाउँपालिकामा ९७ प्रतिशत घरधुरीमा ट्यूवेलबाट खानेपानीको पहुँच भए पनि पानीको गुणस्तर कायम भने रहेको छैन । समय समयमा पानीको गुणस्तर जाँच नभएको तथा गुणस्तर जाँच गर्ने सुविधा समेत स्थानीय स्तरमा नरहेको छ । गाउँपालिका वडा नं. १ गाउँपालिका कार्यालय नजिक निर्माणाधिन खानेपानी आयोजना निर्माण सम्पन्न नभइरहेको अवस्था छ । गाउँपालिकामा ९७ प्रतिशत घरधुरीमा शौचालय भएता पनि अझै बाहिर दिसा गर्न पूर्ण रुपमा नियन्त्रण भएको छैन । सरसफाइ सम्बन्धी उचित ज्ञानको कमीको कारण चर्पीको सरसफाइमा कमी, ट्यूवेल प्रयोगबाट निस्कने फोहोर पानीको व्यवस्थापन नहुँदा विभिन्न रोग लाग्ने संभावना रहेको अवस्था छ । गाउँपालिकाको सडक दायाँ बायाँ रहेका नालाहरू कच्ची तथा मर्मत संभारको कमीले पानीको निकासमा पनि समस्या रहेको छ ।

### ४.३.३ सोच

"सुरक्षित खानेपानी र सरसफाईमा सबैको समान पहुँच र प्रयोगमा सुनिश्चतता ।"

### ४.३.४ उद्देश्य

१. गाउँपालिकामा स्वच्छ खानेपानीमा सहज पहुँच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्नु ।
२. गाउँपालिकाको ठोस तथा दिसाजन्य फोहोर व्यवस्थित व्यस्थापन गर्नु ।

### ४.३.५ रणनीति

१. गाउँपालिकाको खानेपानी तथा सरसफाइलाई व्यवस्थित दिगो रुपमा कार्यान्वयन गर्न खानेपानी तथा सरसफाइ योजना तर्जुमा गरी कार्यान्वय गरिने छ ।
२. स्वच्छ खानेपानीको सुनिश्चित गर्न ट्यूवेलको पानी गुणस्तर जाँच गरिने छ ।
३. शौचालय नभएका अति विपन्न घरपरिवारका लागि सार्वजनिक ट्यूवेल जडान गर्न, पक्की शौचालय निर्माण गर्न र सार्वजनिक स्थानहरूमा शौचालयको प्रबन्धका लागि विशेष व्यवस्था गर्ने
४. गाउँपालिकाका सडकमा रहेका नालाहरूको नियमित मर्मत संभार गरिने छ ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ९५ | ९७ | ९८ | ९९ | १०० |
| शौचालय भएका परिवार | प्रतिशत | ९५ | ९७ | ९८ | १०० | १०० |
| सुचारु खानेपानी आयोजना | संख्या | ० | ० | ० | ० | ० |
| एक घर एक ट्यूवेल भएका घरपरिवार | प्रतिशत | ९५ | ९७ | ९८ | १०० | १०० |
| सार्वजनिक शौचालय | संख्या | ० | ० | ० | १ | २ |
| नियमित फोहर संकलन हुने घरपरिवार | प्रतिशत | ० | ० | १० | १५ | २५ |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २२४१ | ६७२ | १५६९ | ० | ४२६ | १६८१ | १३४ | ० |
| २०८०/८१ | २२४५ | ६७४ | १५७२ | ० | ४२७ | १६८४ | १३५ | ० |
| २०८१/८२ | २३९७ | ७१९ | १६३० | ० | ४५५ | १७९८ | १४४ | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | दिसाजन्य फोहोर अस्थायी सिंजन स्थल निर्माण आयोजना | दिसाजन्य फोहोरको दिगो व्यवस्थापन गर्नु | सालबसाली | ६८८ | दिसाजन्य फोहोर व्यवस्थापनको अस्थायी विर्सजन स्थल निर्माण भई सञ्चालन हुने |
| २ | गरिब तथा अति विपन्न घर परिवारमा शौचालय सहयोग कार्यक्रम | सरसफाइमा सबैको समान पहुँच पु्याउनु | सालबसाली | १०३३ | १५० थप गरिब तथा अति विपन्न घर परिवारमा शौचालय पहुँच पुग्ने । |
| ३ | खानेपानी तथा सरसफाई अन्य कार्यक्रम | खानेपानी सुविधा सुचारु गराउनु | सालबसाली | ५१६३ | ३०० थप सार्वजनिक ट्यूबवेल सञ्चालन हुने । |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

जलवायु परिर्वतनका कारण भूमिगत जलस्रोतमा पर्नसक्ने प्रभावका कारण ट्यूवेलबाट पानी वितरणमा प्रभाव पर्ने हुनसक्छ । निर्माणाधिन पानी टैंकीबाट खानेपानी वितरण भएको हुनेछ । दिसाजन्य फोहोरको उचित व्यवस्थापन भई निश्चित स्थानमा विर्सजन हुनेछ, अन्यथा अपेक्षित प्रतिफल प्राप्त नहुने जोखिम कायमै रहनेछ ।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ४.४.१ पृष्ठभूमि

नेपालको सैंधानिक प्रावधान अनुसार लैंगिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था छ । गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक समावेशी र न्यायोचित वितरण गर्ने उद्देश्यका साथ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिइरहेको छ । गाउँपालिका निरन्तर रुपमा

महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत नागरिकहरू समेतलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने गरेको छ । आर्थिक तथा सामाजिक रूपमा पिछडिएको वर्गका लागि विशेष कार्यक्रम कार्यान्वयनमा छन् । सामाजिक कुप्रथा तथा रीतिथीति विरुद्ध विभिन्न कार्यक्रमहरू सञ्चालन भएका छन् । सङ्घ सरकारको सहयोगमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा रहेको छ ।

### ४.४.२ समस्या तथा चुनौती

गाउँपालिकामा परम्परागत रुपमा रहेका सामाजिक कुप्रथा तथा संस्कारहरूका कारण महिला तथा सिमान्तकृत समुदायको कार्यक्रममा सहभागिता चुनौतीपूर्ण नै रहको छ । गाउँपालिकाबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा हालका दिनमा सकारात्मक प्रयास भए तापनि लक्षित वर्गको अवस्थामा अपेक्षाकृत सुधार हुनसकेको छैन । अझैपनि जातिय, अपाङ्गता तथा लैंगिकताको आधारमा हुने हिंसा तथा भेदभाव पूर्णरुपमा अन्त्य भएको छैन । लक्षित वर्गमा अधिकार र कर्तव्यसम्बन्धी सचेतनामा कमी रहेको छ । महिलामा बहुकार्य बोझको अवस्था कायमै छ । लक्षित वर्ग सशक्तीकरण र क्षमता विकास कार्यक्रम प्रभावकारी हुन नसक्दा उनीहरूको अवस्थामा आशातित सुधार हुनसकेको छैन । लक्षित वर्गमा आत्मविश्वासको कमी रहेको छ । सामाजिक सुरक्षावृत्तिको वितरणमा समस्या र गुनासो कायमै रहेको छ ।

लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरूबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन । लक्षित वर्गमा स्वरोजगारीका अवसर तथा आत्मनिर्भरतामा कमी रहेकोछ । पिछडिएको वर्गमा कानुन तथा अधिकार सम्बन्धमा जानकारीको कमी रहेको छ ।

### ४.४.३ सोच

"विभेद तथा शोषणरहित समतामूलक र सुखी समाज"

### ४.४.४ उद्देश्य

१. सबै प्रकारका भौतिक पूर्वाधार संरचनाहरू तथा नीतिगत व्यवस्थामा महिला, बालबालिका, ज्येष्ठ नागरिक लागायत सबैमा प्रयोग कर्ता मैत्री प्रावधानहरू सुनिश्चित गर्दै विकास गर्ने ।
२. महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक तथा सामाजिक अधिकार सुनिश्चित गर्दै सम्मानित जीवनको अधारशिला तयार गर्नु ।
३. विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यावहारिक प्रयत्न प्रभावकारी गर्नु ।

### ४.४.५ रणनीति

१. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री गाउँको रूपमा विकास गर्न लैंगिक समानतासम्बन्धी क्षेत्रगत नीति, कानुन, संरचना, रणनीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
२. अब निर्माण हुने सबै प्रकारका सार्वजनिक तथा ठूला व्यापारिक भवन तथा सार्वजनिक स्थलहरूमा निर्माण हुने संरचना महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री हुने सुनिश्चित गरी नीति निर्माण गर्ने ।
३. महिला, अपाङ्गता भएका व्यक्ति तथा सिमान्तकृत समुदायहरूका लागि गुणस्तरीय, व्यावसायिक सीपमूलक र जीवनपयोगी तालिमको सुनिश्चितता गर्ने ।
४. लक्षित वर्गको आर्थिक तथा सामाजिक अवस्थामा सुधार गर्न आवश्यक दक्षता वृद्धिअभिवृद्धिका कार्यक्रम सञ्चाालन गरिने ।

५. समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति तथा कार्यत्रविधि निर्माण गर्ने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| गाउँपालिकाभित्र रहेका बालगृह | संख्या | ० | ० | १ | १ | २ |
| गाउँसभामा महिला सहभागिता | प्रतिशत | ४० | ४० | ४५ | ४७ | ५० |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | ४५ | ४८ | ५० | ५५ | ६० |
| व्यवस्थापकीय पदमा महिलाको अनुपात | अनुपात | ३० | ३० | ३० | ४० | ४० |
| गाउँपालिकारस्तरीय सङ्घ/महासङ्घमा महिलाको सहभागिता | प्रतिशत | १० | १५ | २० | २५ | ३० |
| सहकारी क्षेत्रको नेतृत्वमा महिलाको सहभागिता | प्रतिशत | १० | १२ | १३ | २० | २५ |
| जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवार | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३३६२ | २३२० | १०४२ | ० | ६३९ | २५२१ | २०२ | ० |
| २०८०/८१ | ३३६८ | २३२४ | १०४४ | ० | ६४० | २५२६ | २०२ | ० |
| २०८१/८२ | ३५९६ | २४८१ | १११५ | ० | ६८३ | २६९७ | २१६ | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा कार्यक्रम | कल्याणकारी सेवा प्रदान गर्नु | सालवसाली | ० | ज्येष्ठ नागरिक, दलित, एकल महिला, बिधवा, पूर्ण तथा आंशिक आपंगता भएका व्यक्ति, दलित बालबालिका र लोपोन्मुख जातिसमेत ६००० जना लाभान्वित हुनेछन् । |
| २ | बालमैत्री स्थानीय शासन कार्यक्रम | बाल बचाऊ, संरक्षण, विकास र सहभागितामा अभिवृद्धि गर्नु | सालवसाली | ४०३३ | ६००० जना बालबालिका प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| ३ | महिला विकास कार्यक्रम | महिलाहरूको आर्थिक र सामाजिक सशक्तीकरणमा सहयोग पुऱ्याउनु | सालवसाली | २९३१ | वार्षिक १६० जना महिला लाभान्वित हुनेछन् |
| ४ | सामाजिक संरक्षण तथा समावेशीकरण र अन्य कार्यक्रम | सामाजिक तथा आर्थिक रुपले पछाडि परेका वर्ग समुदायको उत्थान गर्नु | सालवसाली | ३३६१ | ६०० जना पछाडि परेका वर्ग समुदायको नागरिक प्रत्यक्ष लाभान्वित हुनेछन् । |

#### ४.४.९ जोखिम पक्ष तथा अनुमान

निर्धारण गरे अनुसार कार्यक्रम तथा नीतिगत व्यवस्थाको साथै सङ्घ संस्थाहरूबीच सहकार्य तथा समन्वयको अभाव र क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

### ४.५ युवा तथा खेलकुद

#### ४.५.१ पृष्ठभूमि

हाल गाउँपालिकामा युवा तथा खेलकुद क्षेत्र शिक्षा, युवा तथा खेलकुद शाखाले हेरिरहेको छ । गाउँपालिकामा युवाहरूको जनसङ्ख्याअधिक रहेको छ । गाउँपालिकामा विभिन्न समयमा गाउँपालिकाले क्रिकेट, भलिबल, फुटबल जस्ता खेलकुदको प्रतियोगिता सञ्चालन गर्दैआएको छ । खेलकुदमा युवाहरूको आकर्षण बढ्दो छ । विद्यमान युवा जनशक्तिलाई सूचना प्रविधिका क्षेत्रसँग जोडेर आर्थिक विकास र सामाजिक रूपान्तरणको संवाहकका रूपमा स्थापित गने अवसर रहेको देखिन्छ । गाउँपालिकामा ६ वटा युवा क्लबहरू सक्रिय रुपमा कार्यरत छन् ।

#### ४.५.२ समस्या तथा चुनौती

रोजगारी तथा आर्थिक अवसरको कमीको कारण युवाहरू गाउँबाट बाहिरिने क्रम समस्याको रुपमा रहेको छ । व्यवसायिक खेलकुदका कमीको कारण युवाहरूमा खेलकुद प्रतिको आकर्षणमा कमी आइरहेको अवस्था छ । खेलकुदलाई समय बिताउने माध्यमका रूपमा मात्र नलिएर खेलकुद आर्थिक उपार्जन र जीवन निर्वाहको आधारको रुपमा स्थापित गर्ने काम चुनौतीपूर्ण रहेको छ । गाउँपालिका खेलकुदका लागि व्यवस्थित भौतिक पूर्वाधारहरूको कमीको कारण गुणस्तरीय खेलकुद विकासको बाधाको रुपमा रहेको छ । गाउँपालिकामा दीर्घकालीन खेलकुद तथा युवाको क्षमता विकास गर्ने सोच तथा नीतिगत स्पष्टताको कमी रहेको छ ।

#### ४.५.३ सोच

"सक्षम र सिर्जनशिल युवा, दिगो विकासको आधार"

#### ४.५.४ उद्देश्य

१. व्यवसायिक, उद्यमशील तथा सृजनशील युवा तयार गर्नु ।
२. खेलकुदलाई व्यावसायीकरण गरि युवाहरूलाई खेलकुदप्रति आर्कर्षित गर्नु ।

#### ४.५.५ रणनीति

१. युवाहरूको सृजनशीलता र नेतृत्व विकास गर्न क्षमता वृद्धिअभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने ।
२. खेलकुदका लागि आवश्यक भौतिक पूर्वधारहरू निर्माण गर्ने तथा वार्षिक समय-तालिका तयार गरी खेलकुदका नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने ।
३. नीति, कानून तथा संरचना र विकास प्रक्रियामा युवाको समावेशीकरण र सहभागिता वृद्धि गर्ने
४. प्रतिभावान् खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने

#### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त | संख्या | १५ | ३० | ६० | ९० | १२० |

| सूचक | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| युवा तथा वयस्क (वार्षिक) | | | | | | |
| सक्रिय युवा परिषद् तथा युवा सञ्जाल | संख्या | ८ | ८ | ८ | ८ | ८ |
| कभर्ड हल र स्तरीय खेलकुद मैदान | संख्या | ० | ० | ० | ० | १ |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | ७५ | १०० | १२० | १४० | १५० |
| आयोजना हुने खेलकुद प्रतियोगिता वार्षिक | पटक | २ | ३ | ५ | ७ | ९ |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २२४१ | १५४६ | ६९५ | ० | ४२६ | १६८१ | १३४ | ० |
| २०८०/८१ | २२४५ | १५४९ | ६९६ | ० | ४२७ | १६८४ | १३५ | ० |
| २०८१/८२ | २३९७ | १६५४ | ७४३ | ० | ४५५ | १७९८ | १४४ | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | युवा सृजनशिलता विकास कार्यक्रम | युवाहरूमा सीप प्रदान गरी स्वरोगारीमा अभिवृद्धि गर्नु | सालबसाली | ३४४२ | गाउँपालिकाका सबै वडामा युवा परिषद गठन भई करिब ५०० युवाहरूमा स्वाबलम्बी सीपको विकास भई आत्मनिर्भर हुनेछन् । |
| २ | खेलकुद विकास तथा प्रवर्द्धन कार्यक्रम | खेल प्रतिभाको विकास गरी स्वस्थ मानव संशाधन विकास गर्नु | सालबसाली | ३४४२ | करिब ५०० युवाहरूमा खेलकुद प्रतिभाको विकास हुनेछ । |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा युवा तथा खेलकुद सम्बन्धी नीति निमार्ण भई सो अनुसार कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था हुनेछ । विभिन्न सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

## ४.६ सामाजिक सुरक्षा र पञ्जीकरण

### ४.६.१ पृष्ठभूमि

सबै नागरिकको गुणस्तरीय जीवन सुनिश्चिताका लागि राज्यले सामाजिक सुरक्षा र संरक्षणको नीति अवलम्बन गर्नु पर्ने कुरालाई आत्मसात् गरेको तथा नेपालको संविधानले सुनिश्चित गरेका छ । आर्थिक सामाजिक रूपमा पछाडि परेको समुदायको जीवनयापनलाई सहज बनाउन तिलाठी कोईलाडी गाउँपालिकाले स्थानीय सरकारको उत्तरदायित्व हो भन्ने कुरालाई मनन् गर्दै सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस कार्यक्रमबाट जेष्ठ नागरिक, बिधवा, अपागङ्ता भएका व्यक्ति, लोपोउन्मुख जाति र दलित बालबालिका प्रत्यक्ष लाभान्वित भएका छन् । हाल गाउँपालिकामा २००० जना सामाजिक सुरक्षाको कार्यक्रमबाट लाभान्वित भइरहेका छन् । आ.व. २०७९/८० मा पञ्जीकरणलाई

प्रभावकारी बनाउन सबै वडामा दर्ता शिविर सञ्चालन गर्ने योजना रहेको छ। यस क्षेत्रका पञ्जीकरण शाखामार्फत् व्यक्तिगत घटना दर्ता कार्यक्रम नियमित रुपमा सञ्चालन भइरहेको छ।

### ४.६.२ समस्या तथा चुनौती

सामाजिक सुरक्षाका लागि आवश्यक पर्ने स्रोतको पूर्व अनुमान गर्न आवश्यक सूचनाको कमी रहेको छ। सङ्घीय सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा कार्यक्रम बाहेक अन्य स्थानीय स्रोतको कमीको कारण आवश्यक मात्रामा सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुन नसकेको अवस्था छ। सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति तथा कार्यक्रमसँग आवद्ध गर्नु र वास्तविक बञ्चितीकरण तथा जोखिममा रहेको वर्ग र समुदायको पहिचान गरी सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रममा सहज पहुँच स्थापित गर्नु प्रमुख चुनौतिका रूपमा रहेको छ। यस क्षेत्रमा समयमै व्यक्तिगत घटना दर्ताको अभ्यासमा कमी रहेको छ।

### ४.६.३ सोच

"सर्वव्यापी सामाजिक सुरक्षा हाम्रो प्रतिवद्धता"

### ४.६.४ उद्देश्य

१. गाउँबासीलाई सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्नु।

२. आर्थिक सामाजिक वञ्चितीकरणमा परेको समुदायलाई सामाजिक संरक्षण प्रदान गर्नु,

### ४.६.५ रणनीति

१. सहयोग र संरक्षणका माध्यमबाट आर्थिक सामाजिक वञ्चितीकरणमा परेको समुदायको सामाजिक सुरक्षामा पहुँच बढाउने।

२. सामाजिक सुरक्षा, सहयोग र संरक्षणमा अन्तर सरकार समन्वय र सहकार्यलाई प्रभावकारी गराउने।

३. व्यक्तिगत घटनालाई यथासमयमै दर्ताको परिपाटी निर्माण गर्न सचेतना तथा विद्युत्̱ीय सूचना प्रविधिको उपयोगलाई प्रभावकारी गराउने।

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सामाजिक सुरक्षा कार्यक्रममा समाहित जनसंख्या | संख्या | १९५० | २००० | २१०० | २१५० | २२०० |
| गाँउक्षेत्रमा समाजिक सुरक्षा क्षेत्रको बजेट | रु. हजार | ५८५०० | ७२००० | ७५६०० | ७७४०० | ७९२०० |
| वार्षिक घटना दर्ता | संख्या | २५० | २७५ | ३०० | ३५० | ४०० |

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २४६५ | २३६७ | १०६३ | ० | ४६८ | १८४९ | १४८ | |
| २०८०/८१ | २५५० | १७६० | ७९१ | ० | ४८५ | १९१३ | १५३ | |
| २०८१/८२ | २६५० | १८२९ | ८२२ | ० | ५०४ | १९८८ | १५९ | |

## ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पंजिकरण, व्यक्तिगत घटना दर्ता शिविर र अभिमुखीकरण | समयमा नै व्यक्तिगत घटना दर्ता गराउनु । | सालबसाली | ४६५० | तो घटना दर्तामा समावेश हुने सङ्ख्या १०० प्रतिशत भएको हुने । |
| २ | विपन्न सहयोग तथा सामाजिक सुरक्षा कार्यक्रम | सबै नागरिकको सामाजिक सुरक्षामा पहुँच कायम गराउनु । | सालबसाली | ३०१५ | सामाजिक सुरक्षा कार्यक्रममा समाहित जनसङ्ख्या ६००० पुग्ने । |

## ४.६.९ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षा तथा पञ्जीकरणको प्रभावकारीताका लागि अन्तर सरकार सहकार्य सुदृढ र जनस्तरमा सचेतना अभिवृद्धि भएको हुनेछ । उल्लेखित परिवेश कायम हुन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद पाँच : पूर्वाधार क्षेत्र

## ५.१ आवास, भवन तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

गाउँपालिकामा धेरै घर ग्रामिण परिवेश तथा अस्थायी प्रकृतीका छन् । गाउँमा वस्तीउल्लेख्य मात्रामा खेतीयोग्य जमिन रहेको छ । सुरक्षित तथा भूकम्प प्रतिरोधी क्षमता भएका घर न्यून सङ्ख्यामा रहेका छन् । सबै घरधुरीहरू सडकको पहुँचबाट नजिकै रहेका छन् ।

### ५.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा सुरक्षित तथा भूकम्प प्रतिरोधी घर निर्माणलाई आवश्यक स्थानीय मापदण्ड नभएको हुनाले सुरक्षित घर निर्माण गर्न चुनौती रहेको छ । व्यवस्थित वस्ती विकासका कार्यक्रमहरू सञ्चालन हुन सकेको छैन । गाउँपालिका तथा वडा कार्यालयहरूको भवन व्यवस्थित बनाउन समस्या रहेको छ । व्यवस्थित वस्ती विकासको अवधारणाले हालसम्म पनि गाउँपालिकाको प्राथमिकतामा परेको छैन । बाढीका कारण अस्थायी प्रकृतीका घरहरू सँधै समस्यामा रहिआएकाछन् ।

### ५.१.३ सोच

"सफा, सुरक्षित तथा पहुँचयुक्त संरचना सहितको वस्ती"

### ५.१.४ उद्देश्य

१. गाउँपालिकामा स्थानीय वातावरण र हावापानी सुहाँउदो तथा राष्ट्रिय मापदण्डको आधारमा भवन मापदण्ड तयार गरी सो अनुसार भवन निर्माण गर्नु ।
२. आधुनिक तथा वैज्ञानिक आधारमा वस्ती विकास गर्नु ।

### ५.१.५ रणनीति

१. स्थानीय स्तरमा भूउपयोग नीति बनाई कार्यान्वयन गर्ने ।
२. भूकम्प प्रतिरोधी भवन निर्माण गर्न चेतनामूलक कार्यक्रहरू सञ्चलान गर्ने ।
३. स्थानीय मिस्त्रीहरूलाई भूकम्प प्रतिरोधी भवन निर्माण गर्न क्षमता अभिवृद्धि गर्ने ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रविधि अनुसार बनेका आवासीय भवन | प्रतिशत | ० | ५ | ७ | ९ | ११ |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | २ | ५ | ७ | ९ | ११ |
| सुरक्षित सार्वजनिक यातायातको उपलब्धता | प्रतिशत | ३५ | ५० | ६० | ७० | ८० |
| घरबाट ३० मिनेटको पैदलयात्रामा पक्की सडकको पहुँच भएका परिवार | प्रतिशत | ७० | ७५ | ८० | ९० | १०० |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | २१ | २५ | ३० | ३५ | ४० |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३१३७५ | १९०६ | २९४६९ | ० | ५९६१ | २३५३२ | १८८३ | ० |
| २०८०/८१ | ३१४३३ | १६१५ | २९८१८ | ० | ५९७२ | २३५७४ | १८८६ | ० |
| २०८१/८२ | ३३५५९ | ४९१० | २८६४९ | ० | ६३७६ | २५१६९ | २०१४ | ० |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुललागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | म्युजियम, अडिटोरियम तथा पुस्तकालय भवन निर्माण, कोईलाडी वडा नं ४ (गौरबको आयोजना) | स्थानीय संस्कृती संरक्षण तथा स्थानीय बासिन्दालाई अध्ययनको अवसर सृजना गर्ने | २०७९/२०८० देखि २०८०/२०८१ | ६०२३६ | म्युजियम, अडिटोरियम तथा पुस्ताकालय भवन निर्माण भई सञ्चालन हुने । |
| २ | गाउँपालिका, वडा कार्यालय भवनहरू अपाङ्गता, महिला तथा ज्येष्ठ नागरिकमैत्री स्तरोन्नती तथा मर्मत संभार कार्यक्रम | गाउँपालिका तथा वडा कार्यालय भवनहरू अपाङ्गता, महिला तथा जेष्ठ नागरिक मैत्रीमा बनाइ सेवाको पहुँचमा वृद्धि गर्नु | सालबसाली | ३१८८१ | सबै गाउँपालिका तथा वडा कार्यालयहरू अपाङ्गता, महिला तथा जेष्ठ नागरिकमैत्री हुने । |
| ३. | भवन, आवास तथा वस्ती विकास कार्यक्रम | भवन, आवास, वस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु | सालबसाली | ४२५० | आवास, भवन तथा शहरी विकास सम्बन्धी सेवा सुचारु हुने । |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

स्थानीय सुँहाउदो घर निर्माण मापदण्ड तयार भई पूर्णरुपमा लागु हुनेछ । व्यवस्थित वस्ती विकास नभएमा बाढी लगायत प्रकोपहरूबाट क्षती हुने जोखिम रहेको छ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

गाउँपालिकाको हुलाकी राजमार्ग सहति १४ कि.मी कालोपत्रे सडक रहेको छ । जिल्लाको सदरमुकाम राजविराजबाट नियमित रुपमा साना सार्वजनिक यातायातद्वारा जोडिएको छ । गाउँपालिकाको भूबनावटको कारण भित्री सडकहरू प्रायः ढलान प्रकृतीका छन् र हालसम्म ९ कि.मी सडक ढलान गरी निर्माण गरिएको छ । गाउँपालिकाभित्र कुल सडक ५८ कि.मी छ ।

### ५.२.२ समस्या तथा चुनौती

बाढीका कारण गाउँपालिकाभित्रका सडकहरूमा हुने क्षतीलाई न्यूनीकरण गर्नु प्रमुख चुनौतीको रुपमा रहेको छ । वर्षाको समयमा भित्री तथा कच्ची सडकहरूमा आवतजावतको समस्या रहेको छ । सडकका दाँया-बाँया रहेका नालाहरू व्यवस्थित हुन सकेको छैन । वातावरणीय संरक्षणको उपाय अवलम्बन र आर्थिक तथा सामाजिक विश्लेषणबिना सडक निर्माण गर्ने क्रम बढ्दै गइरहेको छ ।

### ५.२.३ सोच

"वातावरणमैत्री, गुणस्तरीय र सुरक्षित यातायात"

### ५.२.४ उद्देश्य

१. स्थानीय वातावरण सुहाँउदो प्रविधिमा आधारित यातायात सेवाका लागि आवश्यक पूर्वाधारको विकास गर्नु

२. उपभोक्तामैत्री समावेशी गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्नु ।

### ५.२.५ रणनीति

१. पूर्वाधार निर्माणमा सङ्घीय, प्रदेश तथा छिमेकी स्थानीय सरकारहरूसँग सहकार्य गर्ने ।

२. वातावरणमैत्री यातायात प्रणालीको विकास गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १२ महिना सञ्चालन हुने सडकको २ कि.मि वरपर बसोबास गर्ने जनसंख्या | प्रतिशत | ७० | ७२ | ७५ | ८० | ८५ |
| सडक घनत्व (किमि, वर्गकिमि) | कि.मि. | ५ | ६ | ७ | ९ | ११ |
| कंक्रिट सडक | कि.मि. | ९ | १० | १४ | १९ | २४ |
| कालोपत्रे सडक | कि.मि. | १४ | १४ | १४ | १४ | १४ |
| ग्राभेल सडक | कि.मि. | १५ | १६ | २० | २५ | ३० |
| मिश्रित सडक | कि.मि. | ० | ० | ० | ० | ० |
| राजमार्ग | कि.मि. | १० | १० | १० | १० | १० |
| कुल सडक लम्बाई | कि.मि. | ५८ | ६५ | ७२ | ८६ | १०० |

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १०३०९१ | ५१५५ | ९७९३६ | ० | १९५८७ | ७७३१८ | ६१८५ | ० |
| २०८०/८१ | १०३२७८ | ५१६४ | ९८११४ | ० | १९६२३ | ७७४५९ | ६१९७ | ० |
| २०८१/८२ | ११०२६५ | ५५१३ | १०४७५२ | ० | २०९५० | ८२६९९ | ६६१६ | ० |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | आयोजना/कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षितनतिजा |
|---|---|---|---|---|---|
| १ | ढलान सडक निर्माण आयोजना | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालबसाली | १५५६७१ | थप १५ कि.मी ढलान सडक निर्माण हुने । |
| २ | ग्राभेल सडक निर्माण आयोजना | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालबसाली | ९८२७६ | थप ३० कि.मी ग्राभल सडक निर्माण हुने । |
| ३ | कल्भर्ट, पुल निर्माण आयोजना, वडा नं. ४, विद्यालय नजिक | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालबसाली | १९९१४ | कल्भर्ट पुल निर्माणबाट स्थानीय बासिन्दालाई आवत जावतमा सहज हुने । |
| ४ | कल्भर्ट पुल वडा नं. ५ बर्साइन बनधुला सडक निर्माण आयोजना | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालबसाली | १९९१४ | कल्भर्ड पुल निर्माणबाट स्थानीय बासिन्दालाई आवत जावतमा सहज हुने । |
| ५ | सडक, नाला निर्माण, स्तरोन्नति तथा मर्मत संभार कार्यक्रम | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालबसाली | २२८५९ | यातायातमा सञ्चालन सहज हुने । |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

सडक निर्माण गर्न तीन तहका सरकारबीच नीति, कार्यक्रमबीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ । स्थानीय भूगोल अनुसार सडक निर्माण हुनेछ । उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ५.३ जलस्रोत, विद्युत् तथा ऊर्जा

### ५.३.१ पृष्ठभूमि

गाउँपालिका विद्युत्को राष्ट्रिय प्रशारण लाइनसँग जोडिएको छ । ९५ प्रतिशत घरधुरीमा बिजुलीको पहुँच छ । खाना पकाउन दाउरा तथा गुइठा प्रयोग ६४ प्रतिशत घरधुरीले गर्दछन् । हावापानीका दृष्टिमा उपयुक्त मानिएका गोवरग्याँसको उत्पादन र उपयोगका अभ्यास रहेको छ । तीस प्रतिशत घरले सिलिण्डर ग्याँस प्रयोग गर्ने गरेका छन् ।

### ५.३.२ समस्या तथा चुनौती

वन-जङ्गल क्षेत्र न्यून रहे पनि गाउँमा इन्धनको रुपमा दाउराको प्रयोग उच्च रहेकोले वन संरक्षणमा चुनौती रहेको छ । सिंचाई तथा खानेपानीको लागि भूमिगत जलको पानी प्रयोग बढी मात्रामा भएको छ । स्थानीय स्तरमा वैकल्पिक ऊर्जा जस्तैः सौर्य चुलो आदिको प्रयोग गर्न नीतिगत व्यवस्था तथा चेतनामूलक कार्यक्रमहरूको कमी रहेको छ ।

### ५.३.३ सोच

"दिगो प्रयोगसहितको सफा ऊर्जा"

### ५.३.४ उद्देश्य

१. वैकल्पिक तथा हरित ऊर्जाको प्रयोग बढाउदै खनिज इन्धन तथा जैविक इन्धनको खपत कम गर्नु ।
२. सार्वजनिक नीजि साझेदारीमा विद्युत् खपत वृद्धि गर्न आवश्यक उद्योग व्यवसायका प्रवर्धन गर्नु ।

### ५.३.५ रणनीति

१. स्थानीय सङ्घ सस्थाहरूको सहकार्य तथा सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्दै वैकल्पिक ऊर्जा प्रयोग वृद्धि गर्ने ।
२. सार्वजनिक स्थानहरू तथा सडकहरूमा सौर्य ऊर्जा प्रयोगमा वृद्धि गर्ने ।
३. स्थानीय स्तर वैकल्पिक ऊर्जाबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| विद्युत्मा पहुँच भएका जनसङ्ख्या | प्रतिशत | ९३ | ९५ | ९६ | ९७ | ९८ |
| खाना पकाउन प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ५९ | ६४ | ६० | ५५ | ५० |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २६ | ३० | २८ | २५ | २३ |

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| खाना पकाउन र पानी तताउन विद्युत् प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २ | ५ | ७ | १० | १५ |

## ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २२४१ | १५४६ | ६९५ | ० | ४२६ | १६८१ | १३४ | ० |
| २०८०/८१ | २२४५ | १५४९ | ६९६ | ० | ४२७ | १६८४ | १३५ | ० |
| २०८१/८२ | २३९७ | १६५४ | ७४३ | ० | ४५५ | १७९८ | १४४ | ० |

## ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वैकल्पिक ऊर्जा तथा स्वच्छ ऊर्जा प्रवर्द्धन कार्यक्रम (सुधारिएको चुलो, सौर्य चुला, इन्डक्सन चुला, सोलर सडक बत्ती) | कार्वन उत्सर्जन न्यूनिकरण गर्नु । | सालबसाली | ६८८३ | कार्वन उत्सर्जन वार्षिक ५ प्रतिशतले कमी हुने । |

## ६.३.९ जोखिम पक्ष तथा अनूमान

स्थानीय स्तरमा नै वैकल्पिक ऊर्जा प्रयोग सम्बन्धी प्राविधिक सेवा प्रदायकहरू हुनेछ । समयमा नै आवश्यक आर्थिक तथा मानवीय स्रोत तथा सेवा प्रदायकहरू उपलब्ध हुन नसकेमा लक्ष प्राप्ती गर्न नसक्ने जोखिम रहन सक्ने छ ।

# ५.४ सूचना तथा सञ्चार

## ५.४.१ पृष्ठभूमि

गाउँपालिकाका सबै घरहरूमा मोबाइल प्रयोगकर्ता रहेका हुनाले स्थानीय तथा बाह्य सूचना प्रवाह सरल तथा समयमा नै हुने गरेको छ । गाउँपालिकाभित्र १० प्रतिशत घरधुरीमा इन्टरनेट पहुँच पुगेको छ। गाउँपालिका तथा वडा कार्यलय सबैमा सञ्चार तथा इन्टरनेटको पहुँच पुगेको छ । तर सीमित स्वास्थ्य संस्था र विद्यालयहरूले मात्र यो सेवा प्राप्त गर्न सकेका छन् ।

## ५.४.२ समस्या तथा चुनौती

गाउँपालिकामा सञ्चार तथा सूचनाको विस्तार गर्न बजेट तथा जनशक्तिको कमी रहेको छ । जनचेतनाको कमी तथा आर्थिक विपन्नतको कारणले स्थानीय बासिन्दाहरूमा इन्टरनेटको पहुँच कम छ । सूचना तथा सञ्चार गाउँपालिकाको प्राथमिकतामा नपर्नाले यो सेवा विस्तार हुन नसकेको अवस्था छ ।

## ५४.३ सोच

"विद्युतीय सुशासन, छिटो छरितो सूचना तथा सञ्चार"

## ५.४.४ उद्देश्य

१. सञ्चारको माध्यमलाई विकासको प्रमुख साधनको रुपमा विकास गर्दै पहुँचमा वृद्धि गर्नु ।
२. युवा तथा विद्यार्थीहरूमा सूचना प्रविधि सिकाइको प्रमुख आधारको रुपमा विकास गर्नु ।

### ५.४.५ रणनीति

१. स्थानीयस्तरमा गरिने सबै कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्राथमिकता दिने ।
२. युवा लक्षित सूचना प्रविधिमा आधारित उद्यम व्यवसायको प्रवर्द्धन गरी गुणस्तरीय रोजगारीको वृद्धि गर्ने ।
३. गाउँपालिकाले दिने जनसरोकारका प्रत्यक्ष सेवाहरूलाई आधुनिक सञ्चार प्रविधि प्रयोग गरी सहज पार्दै लैजाने ।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | १५ | २० | ३५ | ५० | ७० |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | संख्या | ३ | ४ | ५ | ६ | ७ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | २५ | ३४ | ४७ | ७८ | १०० |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ११२१ | ७७३ | ३४७ | ० | २१३ | ८४० | ६७ | ० |
| २०८०/८१ | ११२३ | ७७५ | ३४८ | ० | २१३ | ८४२ | ६७ | ० |
| २०८१/८२ | ११९९ | ८२७ | ३७२ | ० | २२८ | ८९९ | ७२ | ० |

### ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार प्रविधिमैत्री शासन प्रवर्द्धन कार्यक्रम | विद्युतीय सुशासन प्रवर्द्धन गर्नु | सालबसाली | ३४४२ | कार्यपालिका कार्यालय, विषयगत शाखा र वडा कार्यालयमा विद्युतीय सुशासनको अभ्यास सुचारु हुने । |

### ५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चितता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद छ : वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण

### ६.१.१ पृष्ठभूमि

गाउँपालिकाभित्र वनक्षेत्र १ प्रतिशतभन्दा कम रहेको अवस्था रहेको छ । सीमित घरहरूले निजी वन बनाएका छन् । गाउँपालिकाभित्र ६८ वटा संरक्षित ताल रहेको छ ।सार्वजनिक रुपमा प्रयोग हुने उद्यान २ वटा रहेका छन् ।

### ६.१.२ समस्या तथा चुनौती

गाउँपालिकाभित्र न्यून वन क्षेत्र भएको तथा बाढी आदिका कारण वार्षिक रुपमा डुबानको कारण वन क्षेत्रको विस्तार गर्न समस्या रहेको छ । ताल तलैयाहरू भएता पनि यसको उचित संरक्षण हुन नसक्दा गाउँपालिकाले यी तालहरूबाट लाभ लिन नसकेको अवस्था छ । ठाडो खोलाका बाढीबाट हुने क्षति समस्याको रुपमा रहेको छ ।

### ६.१.३ सोच

"दिगो, संरक्षित, हरियाली र मजबुत समाज"

### ६.१.४ उद्देश्य

१. गाउँपालिकामा रहेका ताल तथा अन्य प्राकृतिक स्रोत व्यवस्थापनको लागि नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्नु ।
२. गाउँपालिकामा रहेका प्राकृतिक सम्पदाहरूको लाभ न्यायोचित रुपमा सबैमा वितरण गर्नु ।

### ६.१.५ रणनीति

१. गाउँपालिकामा रहेका तालहरूको संरक्षण गर्दै उत्पादनमुखी व्यवस्थापन गर्ने ।
२. स्थानीय प्राकृतिक स्रोतहरूको अधिकतम प्रयोग, उत्पादन तथा रोजगार सृजना गर्न प्रयोग गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| उद्यान | संख्या | २ | २ | ३ | ३ | ४ |
| संरक्षित तालतलैया | संख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ |
| वृक्षरोपण गरिएको क्षेत्र | हेक्टर | ० | ० | ० | ० | ० |
| नदी नियन्त्रणका लागि गरिएको बाँध तथा स्परको लम्बाई | रनिङ्ग मिटर | ३००० | ३५०० | ४००० | ५००० | ० |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २९१३४ | १५१५ | २७६१९ | ० | ५५३६ | २१८५१ | १७४८ | ० |
| २०८०/८१ | २९१८७ | १५१८ | २७६७० | ० | ५५४६ | २१८९१ | १७५१ | ० |
| २०८१/८२ | ३११६२ | १६१० | २९५५२ | ० | ५९२१ | २३३७१ | १८७० | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | ठाडो नदी तथा अन्य नदी नियन्त्रण कार्यक्रम | नदि नियन्त्रण तथा वस्ती र जमनीको संरक्षण गर्नु | सालबसाली | २७१६ | बाढीबाट हुने क्षतीमा कमी आउने । |
| २ | वाटर फन पार्क, बेली, वडा नं १ (गौरबको योजना) | हरियाली तथा आन्तरिक पर्यटन सुविधा विस्तार गर्नु | २०७९/८० – २०८१/८२ | ८५७९२ | वार्षिक १५०० पर्यटकको आगमन भई राजस्वमा वृद्धिमा योगदान हुने । |
| ३ | वन, हरियाली तथा भूसंरक्षण अन्य कार्यक्रम | हरियाली क्षेत्र विस्तार | सालबसाली | ९७५ | हरियाली क्षेत्र १० प्रतिशतले वृद्धि हुने । |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

समुदाय तथा सरोकारवालाको सहभागिता तथा सङ्घ र प्रदेश सरकारसँगको सहकार्य र यस क्षेत्रमा स्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, कोभिड-१९ लगायतका महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन् तथा अनियन्त्रित निर्माणजस्ता जोखिम पक्षहरू रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल नहुन सक्छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

गाउँपालिकामा निस्कने ठोस फोहोरहरूको व्यवस्थित सङ्कलन र विर्सजन हुने गरेको छैन । गाउँपालिकाभित्र फाहोर फाल्न विसर्जन स्थल समेत नरहेको अवस्था छ । घरायसी स्तरबाट निस्कने कुहिने फोहोर स्थानीय रुपमा नै मल बनाउन प्रयोग हुने गरेको छ भने नकुहिने फोहोरहरू जलाउने गरिएको छ । स्थानीय हाटबजारबाट निस्कने फोहोर स्थानीय स्तरमा अव्यवस्थित रुपमा व्यवस्थापन गर्ने गरिएको छ ।

### ६.२.२ समस्या तथा चुनौती

गाउँपालिकाभित्र ठोस फोहोर अव्यवस्थित रुपमा व्यवस्थापन गर्दा वातावरणमा नकरात्मक प्रभाव परेको अवस्था छ । प्लास्टिकजन्य र पानीका बोतलहरू गाउँमा तथा तालहरूमा फाल्नाले प्राकृतिक स्रोतको सुन्दरता र संरक्षणमा समेत प्रभाव परेको छ ।

### ६.२.३ सोच

"सफा र स्वच्छ वातावरण, स्वस्थ समाजको आधार"

### ६.२.४ उद्देश्य

१. फोहोरलाई वैज्ञानिक व्यवस्थापन गरी आर्थिक स्रोतको रुपमा विकास गर्नु ।
२. स्थानीय रुपमा फोहोर विसर्जन स्थलको निर्माण गरी व्यवस्थापन गर्नु ।

### ६.२.५ रणनीति

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ | २०७८/७९ | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|

| | | सम्मको उपलब्धि | सम्म को अनुमानित उपलब्धि | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|
| स्यानीटरी ल्याण्डफिल साइट | संख्या | ० | ० | १ | १ | १ |
| उपलब्ध फोहोर सङ्कलन साधन | संख्या | ० | ० | १ | १ | १ |
| आधुनिक सरसफाइ सुविधा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ५५ | ६० | ६० | ६५ | ७० |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९० | ९० | ९२ | ९५ | ९५ |
| स्रोतमा नै फोहर वर्गीकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | ० | ० | १० | २५ | ५० |
| सेनिटरी ल्याण्डफिल साइटको क्षेत्रफल | विगाहा | ० | ० | ० | १० | १० |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ११२१ | ५५४ | ५६७ | ० | २१३ | ८४० | ६७ | ० |
| २०८०/८१ | ११२३ | ७७५ | ३४८ | ० | २१३ | ८४२ | ६७ | ० |
| २०८१/८२ | ११९९ | ८२७ | ३७२ | ० | २२८ | ८९९ | ७२ | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सेनिटरी ल्याण्डफिल साइटको संभाव्यता अध्ययन | ठोस फाहोरहरूको उचित व्यवस्थापन गर्नु | २०७९/८० — २०८०/८१ | २६२ | सेनिटरी ल्याण्डफिल्ड साइटको संभाव्यता अध्ययन सम्पन्न हुने । |
| २ | ताल तथा पोखरी र इनार संरक्षण कार्यक्रम | पर्यटन प्रवर्द्धन तथा सहरी सुन्दरता अभिवृद्ध गर्नु | सालबसाली | १६५६ | गाउँपालिका क्षेत्रका प्रमुख ३० वटा ताल तथा पोखरी र इनारहरूको संरक्षण हुने । |
| ३ | फोहोरमैला व्यवस्थापन तथा अन्य कार्यक्रम | वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन गर्नु | सालबसाली | १५२४ | दैनिक १०० टन फोहोरमैलाको वर्गीकरण, प्रशोधन, परिचालन व्यवस्थित हुने । |

### ६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

फोहोरमैला व्यवस्थापनका लागि आवश्यक विर्सजन स्थल निर्माण भई सञ्चालन हुनेछ । आवश्यक स्रोत व्यवस्थापन तथा सङ्घ र प्रदेशसँग सहकार्य हुन नसकेमा लक्षित नतिजा प्राप्त गर्न नसक्ने जोखिम रहेको छ ।

## ६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन

### ६.३.१ पृष्ठभूमि

गाउँपालिकामा बाढी तथा आगलागी नै प्रमुख प्रकोपको रुपमा रहेको छ । ठाडो खोलामा बाढीको जोखिम रहेको छ । गर्मी मौसममा चल्ने तातो हावाले पनि आर्थिक तथा सामाजिक कार्यमा जोखिम सृजना गर्ने गरेको छ । नदी, खोला तह उक्सिई खेतबारी तथा वस्तीको तहमा पुग्नाले बाढीजन्य विपद् जोखिम उच्च बनेको छ । त्यसमाथि वर्षाको पानीको सहज निकास नभएको हुँदा जोखिमको प्रकृति अझ उच्च रहेको छ । विपद्को अवस्थामा नेपाल रेडक्रस, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीहरूबाट आवश्यक सहयोग प्राप्त हुँदै आएको छ ।

### ६.३.२ समस्या तथा चुनौती

गाउँपालिकामा बजेट तथा जनशक्तिको कमीको कारण विपद् व्यवस्थापनलाई मूलधारमा ल्याउन समस्या रहेको छ । ठाडो खोलाको बाढी नियन्त्रणका लागि स्थानीय तथा सङ्घ र प्रदेशबीच सहकार्यमा कमीको कारणले नदी नियन्त्रण कार्यलाई चुस्त गतिमा बढाउन समस्या रहेको छ । स्थानीयबासीमा विपद् जोखिम व्यवस्थापनको ज्ञानको नहुनु र बाढी सम्बन्धी पूर्वसूचना दिन आवश्यक पूर्वाधारको कमीको कारणले समयमा नै समुदायलाई सूचित गराउन समस्या रहेको छ ।

### ६.३.३ सोच

"विपद् जोखिमरहित सुरक्षित समाज"

### ६.३.४ उद्देश्य

१. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु ।
२. विपद् व्यवस्थापन योजना बनाई कार्यान्वन गर्नु ।

### ६.३.५ रणनीति

१. विपद् क्षति न्यूनीकरण गर्न आवश्यक रोकथाम, पूर्वतयारी द्रुत गतिमा गर्ने ।
२. स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकुलन योजना तयार गर्ने ।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| विपद्बाट भएको मानवीय क्षति ( विगत ३ वर्षको) घाइते समेत | संख्या | १ | ० | ० | ० | ० |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | १५ | १५ | ४० | ४५ | ६० |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | १ | १ | ०.८ | ०.७ | ०.६५ |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| विपद् व्यवस्थापन कोष रकम | रु. हजार | २५०० | २५०० | २५०० | २५०० | २५०० |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ११२१ | ५२६ | ५९४ | ० | २१३ | ८४० | ६७ | ० |
| २०८०/८१ | ११२३ | ५२७ | ५९६ | ० | २१३ | ८४२ | ६७ | ० |
| २०८१/८२ | ११९९ | ५६३ | ६३६ | ० | २२८ | ८९९ | ७२ | ० |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् सिकाइ केन्द्र स्थापना | विपद्को पूर्व, विपद्को अवस्थामा तथा विपद् पश्चात् | सालबसाली | ६८८ | ८ सिकाइ केन्द्र स्थापन हुने तथा विपद्बाट हुने क्षतीमा |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | गर्नुपर्ने कार्य सम्बन्धी क्षमता अभिवृद्धि गर्नु | | | कमी हुने । |
| २ | मौसम पूर्वानुमान केन्द्र स्थापना | समुदायलाई समयमै मौसम सम्बन्धी जानकारी दिई हुनसक्ने जोखिम तथा क्षतिमा कमी ल्याउनु | सालबसाली | १५४९ | समुदायलाई समयमै मौसम सम्बन्धी जानकारी दिई करिब २५ प्रतिशत सम्भावित क्षतिमा कमी आएको हुने । |
| ३ | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम | विपद् जोखिम न्यूनिकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | १२०५ | विपद्बाट हुने क्षतिमा वार्षिक २५ प्रतिशत कमी आउनेछ । |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

